# खण्ड क

**प्रकाशकीय**

नेपालको राष्ट्रियता अनेक प्राचीन जातिहरूको संस्कृतिले सिङ्गारिएको छ। साझा संस्कृतिको निर्माण गर्न ती प्रतेक जातिहरूको इतिहास र संस्कृतिको अध्ययन-अनुसन्धान, अभिलेखीकरण र प्रकाशनविना पूर्ण हुन सक्दैन । पुस्तौ पुस्तादेखि टाढा टाढासम्म छरिएर रहेका याक्थुङबा लिम्बू कुरुम्बाङ वंशहरूको पनि छुट्टै इतिहास छ। आफ्नो मौलिक धर्म, कर्म, भाषा, लिपि, वंशावली र इतिहास आफैले लेख्नुपर्नेमा त्यो हुन नसकेर अर्को वंश, अर्कै जाति र अर्कै देशका मानिसले लेखिदिएकाले लेखकैपिच्छे फरक फरक मत कुरुम्बाङ लिम्बूका हकमा पनि हुन पुगेको पाइन्छ।

श्री देशराज कुरुम्बाङ र श्री भीमराज कुरुम्बाङ द्वारा सङ्कलित तथा सम्पादित कुरुम्बाङ वंशावली वि.सं. २०५२ सालमा प्रथम संस्करण प्रकाशन गरेर देश बिदेशमा बसोबास भएका कुरुम्बाङ वंश सामु ल्याइ परिचय र साइनो छुट्टयाइ गाँसिदिनु भएकोमा उहाँहरूलाई सम्पूर्ण कुरुम्बाङ परिवार यू.के.का तर्फबाट उच्च सम्मान प्रकट गर्दछौं। हर्कजङ कुरुम्बाङद्वारा संशोधनसहित दाजुभाइहरूका अगाडि परिचय दिंदै वंशावलीको दोस्रो संशोधनको प्रकाशनसम्म आइपुग्दा हामी प्रकाशक मण्डल गौरव ठान्दछौं। अनि यो प्रकाशन सहयोगमा हाम्रा कुरुम्बाङ छोरीचेलीहरूको पनि उत्तिकै योगदान भएको महशुस गरेकाछौं।

जानकारहरूका याक्थुङबा लिम्बू इतिहास, वंशावली र आफ्नो मौलिक धर्म, कर्म, भाषा, लिपि र संस्कृतिबारे लेख अथवा पुस्तकहरू प्रकाशनका लागि सहयोग गर्न हामी सधै तत्पर रहनेछौं।

कुरुम्बाङ परिवार यू. के.

**कुरुम्बाङ यू.के. पविारका नामावली**

श्री नरबहादुर कुरुम्बाङ, "ख"
श्री नरबहादुर कुरुम्बाङ, "क"
श्री बमबहादुर कुरुम्बाङ
श्री कृष्णकुमार कुरुम्बाङ
श्री रूपमान कुरुम्बाङ
श्री अमर कुरुम्बाङ
श्री हर्कजङ कुरुम्बाङ
श्री सुरेन्द्रकुमार कुरुम्बाङ
श्री पेपराज कुरुम्बाङ
श्री लक्ष्मी कुरुम्बाङ
श्री उत्तरकुमार कुरुम्बाङ
श्री हर्कबहादुर कुरुम्बाङ र
श्री सन्तोष कुरुम्बाङ

## मन्तव्य



भीमराज कुरुम्बाङ

जुनसुकै मानव र धर्मको उत्पतिसँगै अन्त्य पनि हुन्छ । यो प्राकृतिक देन हो । यस संसारमा जन्म भएपछि केही दिन र देख्न आएका हुन्छौं । समाज सेवादेखि लिएर गाउँटोल सुधार र देशकै संरक्षण गर्ने जस्ता महापुरुष र विभुतिहरू कहिल्यै नमर्ने अमर कृति रहने सिद्ध पुरुषहरूको जन्म भई केही दिएर गएका छन् । यिनीहरूले दिएर गएका शिक्षाबाट हामिले पनि शिक्षा लिनु पर्छ जस्तैः येहाङ, कान्देन हाङ, माबो हाङ, श्रीजंगा, फाल्गु नन्द, ईमान सिंह चेमजोङ, प्रेमबहादुर माबोहाङ र आत्मा नन्द लिङदेन जस्ता सिद्ध पुरुषहरू हाम्रो लिम्बू वंशमा जन्म भएर आए । हामीले के लियौं र के दियौं मात्र सम्झना राख्न सक्यौं । यति गर्न पनि हामी गर्भ मान्नु पर्छ । भन्नुको सन्दर्भ के हो भने जुनसुकै रूपमा पनि ईश्वरीय देन रहेको हुन्छ । पृथ्वी, जल, थल, हावा, पानी र आगो यी पञ्चतत्व पनि आफ्नो गत्तिमा चलिरहेको हुन्छन । यसरी नै सारा संसार आफ्नो गन्त्यव्यमा चलिरहन्छ । यसरी नै परिस्थीति समय सापेक्ष हाम्रो कुरुम्बाङहरुको लागि एउटा नक्षेत्र तारा उदय भयो जुन कुरुम्बाङहरूको लागि ऐतिहासिक खोज र अनुसन्धान गर्ने अगुवाई बाजे श्री देश राज कुरुम्बाङ हुनु भएकोछ । यस कार्यमा जे जस्तो गरेर भएपनि नाम र वंश खोजीदिने, कुरुम्बाङहरूलाई चिनाउने, साइनो देखाउनेलाई धन्यवाद शिवाय अरु थोक त के नै पो दिन सकिन्छ र ? अनि उहाँको नाम र कृति कहिल्यै नहराउस र अझै पनि माङले रक्षा गरोस, आयु-बर्दान दिउन । यही नै शुभ-कामना कुरुम्बाङ वंशबाट ।

अर्को नक्षत्र भनेको हर्कजङ कुरुम्बाङ हुन । हाम्रो कुरुम्बाङहरू धेरै लाउरे छन, धन सम्पत्ति कमाइ राम्रो ऐश आरामले बसेका छन् । धनको कुवेरहरू छन र चार पाँचतले पक्की घर ताज महल बनाएर बसेकाछन् । उनीहरू न त राजनीतिमा देखिन्छ, न धर्ममा । खाना लाउन पुग्यो भने सबै दाजुभाइ बिर्सने मात्र भेटिन्छन् । तर मलाई अति खुशी लाग्यो । तेह्रथुम जिल्लाको सुङनाम गा.वि.स. लसुने ठाउँमा जन्म लिएर ब्रिटिश गोर्खा भर्ति भई अवकास भएर पनि, पल्टन हुँदा पनि म सँग बारम्बार सम्पर्क गरी रहनु भयो । उहाँको ऱ्याङ्क नम्बर त मलाई थाहा भएन । तैपनि शाहासी, केही गर्छु भन्ने भावना भएको व्यक्ती मइले पाँए । उहाँलाई माङले साँच्चै जन्माएको रहेछ । मलाई साह्रै खुशी लाग्यो । मन मात्र भएर पनि नहुँदो रहेछ । वि.सं. २०४५ सालदेखि लगातार कार्य गर्दा बल्लतल्ल पहिलो प्रकाशन गरियो । वि.सं. २०५१ सालमा त्यो पनि श्री देशराज कुरुम्बाङ, तुल हर्क कुरुम्बाङ र म स्वयम् जानी नजानी लेखक भएर लागें । आर्थिक अभाव अशिक्षित दाजुभाइको पनि हालत त्यस्तै । तर अब त मलाई अति खुशी लाग्यो । किनभने हिजो सानो सोचले थालेको काम आज लण्डन जस्तो ठाउँ अन्तराष्ट्रिय क्षेत्रमा हाम्रो जस्तो कुरुम्बाङहरूको वंशवाली छाप्न भनेको अति खुशीको कुरा हो । त्यसले गर्दा दोस्रो नक्षेत्र कुरुम्बाङहरूको सौभाग्य हर्कजङ कुरुम्बाङ हुन भनेर भन्दा दुई मत छैन । हामीले जानेका बुझे, भेटेकासामाग्रीहरू लेखेर छिट्टो भन्दा छिट्टो प्रकाशन गर्नको लागि पठाइदिएका छौं । चाँडै प्रकाशनका लागि म विशेष हर्कजङलाई अनुरोध सल्लाह, सुझाव दिन्छु । माङले उहाँको प्रगति र उन्नति गरुन । सम्पूर्ण कुरुम्बाङ एक हौं । माङले रक्षा गरोस । हामी बीचअझै सद्भाव, प्रेरणा र हौसला बढोस । ओत, तागेरा निङवाफु माङे सेवारो !

ठेगानाः शनिश्चरे ५, कालीझोडा, झापा

## दोस्रो संस्करणको भूमिका



हर्कजङ कुरुम्बाङ

समय परिवर्तनशिल छ, सोही अनुरूप वस्तु परिवर्तन हुँनु सामान्य हो । मानिस चेतनशील प्राणी हो । हामी जीवनको विहानी भरी साँचिएको सपना लिएर रहरले भनौं या करले विश्वको अनेकौ भू-भागमा रहेर पनि भावनात्मक सम्बन्ध आफ्नो उद्गम थलोसंगै जोडिएको हुँदो रहन्छ । यसरी आफ्नो बिगत र परिचय पनि साथै रहन्छ । मानिसलाई थाहा हुँदा हुँदै पनि परिस्थितिले परिवर्तन हुन बाध्य तुल्याउँछ । हामी याक्थुङबा लिम्बूहरूले विशेष गरेर मौखिक कुराहरूलाई नै इतिहासको रूपमा निरन्तरता दिदै आएको पाउछौं । लिखित इतिहास प्रायः छैन भन्दा पनि हुन्छ । यो चलन धेरै अगाडि देखि नै चल्दै आएको देखिन्छ । अहिले याक्थुङबा लिम्बूहरूमा पनि धेरैमा मानसिक परिवर्तन आएकोछ । आज आएर हामी याक्थुङबाहरू लिखित इतिहास बनाउने कार्यमा जुटिरहेकाछौं । आ-आफ्नो थर उप-थर को वंशावली प्रकाशन गर्न लागिरहेका छौं । लिखित प्रमाणहरूको इतिहास राख्नु एउटा राम्रो कार्य पनि हो ।

वंश समाजको सुरुवात हो । जम्म देखि मृत्यु सम्म हरेकलाई आफ्नो नजिकको समुदाय वा वंशको आवश्यक्ता हुन्छ । यस्तो हुँदाहुँदै पनि आफ्नो दिनचार्यले गर्दा वंशहरूसँग टाढिएर बस्नु पर्ने बाध्यताहरू आइ पर्छन् । कुन बेला को कहाँ पुगिरहेको हुन्छ पत्तो हुँदैन । त्यस्तो अवस्थामा हाम्रो इतिहाँस, भाषा र संस्कृति सजिलै लोप अथवा परिवर्तन भएर जान्छ । त्यो नहोस भन्ने खातिरले वंशावली संशोधन गर्ने र प्रकाशन गरी दाजुभाइहरूको अगाडि राखिदिने मैले खठोट गरें । हाल आएर यो व्यक्ति र पुस्तकमा मात्र सीमित नराखेर नयाँ प्राविधिको प्रयोग गरी सन्जाल फैल्याएर संसारको जुनसुकै कुनामा बसे पनि  हामी कुरुम्बाङ एक हो भन्ने मान्यता राखि सन्जालका पाठकहरूलाई छर्लङ्ग देखाएर बुझाउनु मेरो एक उदेश्य पनि हो ।

वंशावलीमा मानव सृष्टिदेखि वर्तमान सम्मको इतिहास ल्याइ प्रमाण पुऱ्याउनु असम्भव छ । हाम्रो लिम्बू जातिको “मुन्धुम्” मा जे छ, त्यो नै सब भन्दा ठूलो स्रोत हो । हाम्रा पुर्खाहरूले जिउने क्रममा प्रकृतिसँग जुध्नुपर्दा निर्माण भएका मुन्धुम् अथवा आख्यान, जुन आज मौखिक ढङ्गले पुर्खाका उपदेशका रूपमा वर्तमानमा जीवन भोगाइका क्रममा आत्मसात गर्दै आएको छौं । यसैका आधारमा लिम्बू वंशावलीहरू प्रकाशन हुँदै जानुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ र मेरो पनि मान्यता त्यही नै हो ।

लिम्बू जातिको थर, उप-थरहरू नाहाङमा र माङगेना मुन्धुमबाट नै छुट्टिदै गएको कथाहरूमा भेटिन्छ । छुट्नु, फुट्नु र जुट्नु सृष्टि काल देखिनै हुँदै आएको हो । गाउँदेखि शहर निस्किदा त दोस्रो पुस्ताले बाजे, बजु, काका, बढाबाबु चिन्न छोड्छन् । देशै छोड्नेको त झन् के हालत हुन्छ, कल्पना गर्नु गाह्रोछ । उदाहरणका लागि, यसै वंशावलीमा फलानाको छोरा, नाती आसाममा छन् रे भनेर जनाइएको छ । यहाँ यत्ति पनि लेखेन भने जाने मान्छे र जाँदा देख्ने मान्छे वितिसके अनि सुन्ने मान्छेले पनि भन्नु बिर्सेर जान्छ । त्यहाँबाट खोज्ने बाटो नै बन्द हुनेछ, अथवा हराउनेछ । त्यसैले विगतलाई भन्दा पनि वर्तमानलाई धेरै व्यख्या गरिरहेकोछु । इङनाम-इवाहाङ पापो लिम्बू वंशावलीमा सांयुकहाङ पापोका सन्तानहरू नौ भाइ मध्य कुरुम्बाङ पनि एक हो भनि  उल्लेख गरिएको छ । लिम्बूको संक्षिप्त इतिहास तथा आङदेम्बे वंशावलीमा दश थरी पापोहरुमा कुरुम्बाङ पनि उल्लेख गरिएको छ । अशोक नेम्बाङले कुनै आधार वा प्रमाणबिना कुरुम्बाङको मिश्रा (थर निर्माण गर्ने पहिलो पुर्खा) पापोसँग जोडेकाछन् । त्यस्तै डा.स्वामी प्रपन्नाचार्यको विचारले त झन् कुरुम्बाङ मात्र होइन, समस्त किरात लिम्बूहरूको वास्तविक पहिचानमाथि नै दुविधा सिर्जना गरेको छ । किनकि कुरुम्बाङहरूको आफ्नो थामालुङ, माङगेना यक (उत्पतिथलो), पोक्लाबाङ र मिङ्श्रा सिद्धिइङ, साङलाइङ भनी स्पष्ट हुँदाहुँदै यसरी अनावश्यक अर्काको टिप्पणी गर्नाले कुरुम्बाङ लिम्बूहरूको पहिचान धमिल्याउन खोजेको पाइन्छ ।

हामी कुरुम्बाङ लिम्बूहरू पापो होइन भन्ने धेरै आधारहरू छन् । कुरुम्बाङले ‘‘पापो ङा’’ पापो माछा खाँदा हुन्छ तर पापोका सन्तानहरूले खानु हुदैन । कुरुम्बाङको माङगेना यक (उत्पति थलो) पोक्लाबाङ हो । कुरुम्बाङ

फेदापको र सातरे (सात राय)हरू हुन भनेर स्पष्ट प्रमाणहरू सातरे (सात राय) बंशावलीहरूमा पाइन्छ । कुरुम्बाङको ४१ औं पुस्ता सम्मको बंशावली भरपर्दो प्रमाण हामीसँग छ र यो प्रथम प्रकाशन २०५१/५२ सालमै भई सकेको छ । यसमा कुनै विवाद छैन । अनि कुरुम्बाङका पुर्खाहरू पान्थर गएको कथा पनि त्यहाँ कुरुम्बाङसँग सान्दर्भिक छैन । त्यसैले इङनाम-इवाहाङ पापो लिम्बू वंशावली लेखनलाई कुनै-कुनै वंशावली पुस्तकदेखि लेखहरूमा सार्ने काम भएको छ र यस्तालेख देखि हाम्रा सम्पूर्ण कुरुम्बाङ दाजु-भाइहरू कोही पनि अन्योलमा नपर्न हार्दिक अनुरोध गर्दछु । अनि विना प्रमाण अर्काको बारेमा लेख्ने कार्य ठीक होइन ।

यहाँ प्रष्ट गर्न चाहान्छु कि कुरुम्बाङबाट कुनै उप थर बनेको छैन । कुरुम्बाङ संसारको जुनसुकै कुनामा बसे पनि एउटै हुन् । आज आएर आधुनिक युगको सन्जाल, बंशावली लेखन र कुनै प्रकासित पुस्तक वा लेखहरूमा कुरुम्बाङ बारे धेरै गलत र अशुद्ध, लेख-रचनाहरू पनि छापिएका छन् । हामीले सही कुरा आफै छुट्याउनु सक्नु पर्छ । नेपालीमा कुरुम्बाङ यसरी लेखिन्छ, जस्तोः "कुरुम्बाङ" । त्यस्तै अंग्रेजीमा कुरुम्बाङ यसरी लेख्ने गरिन्छ जस्तोः Kurumbang । यीभन्दा अरु शब्द र मात्राहरू लागेमा ठीक नहुने भई अर्को थर बन्न जानेछ । कुरुम्बाङसंग मिल्दोजुल्दो थरहरू लिम्बूभित्र धेरै छन् । माङगेना यक र मिङ्श्रा मिलेन भने अर्को थर हो भनि बुझ्नु पर्छ । त्यस्ता थरहरूसंग नै कुटुम्बा चल्ने हो ।

वंशावली दोस्रो संस्करणको लागि आवश्यक महसुस भयो र हाम्रा अग्रज खोज अनुसन्धानकर्ता श्री देशराज कुरुम्बाङ र श्री भीमराज कुरुम्बाङसँग हाम्रो भेटवार्ता भयो । उहाँहरूले सम्पादन र प्रकाशन गर्ने अनुरोध गर्नुभयो । मैले सामग्री पाए गरौंला भनेर सोहीअनुरूप दोस्रो संस्करण कुरुम्बाङ वंशावली सम्पादन गरिरहेको छौं । सङ्कलन र अनुसन्धान सबै श्री देशराज कुरुम्बाङ र श्री भीमराज कुरुम्बङ कै हो । दुःख आ-आफ्नो ठाउँमा छ, तर खोज र अनुसन्धानजस्तो कठिन कार्य शायद अरु हुँदैन । हामी कुरुम्बाङ वंश दाजुभाइले उहाँहरूको जति प्रशंसा गरे पनि कमै हुन्छ । जे भए पनि हामी दाजुभइले उहाँहरूलाई सधैं आदर र सम्मान गर्नैपर्छ ।

वंशावली लेख्नुपर्दा एकै पुर्खाका हुन् वा होइनन् छुट्याउनु गाह्रो हुन्छ । प्रारम्भमा जाति, थरका बारेमा कतै उल्लेख भएको पाइन्दैन । तर, स्त्री र पुरुषको नाम मुन्धुम्मा समानरूपमा उल्लेख गरेको पाइन्छ । त्यसैले लिम्बू समाजमा पुरुष र महिलाको समान अधिकार छ । कसरी जाति थर उप-थरहरू छुट्टिए त भन्दा मान्छेको आचरण, चरित्र, बानी-व्यहोरा, गाउँ ठाउँहरूको नाउँ र बस्तुहरूको नामबाट मानिसको थर, जातिहरू छुट्टिदै गएको प्रमाण पाइन्छ । जस्तैः- "कुलुम्पाङ" (कुलुम=बिच+पाङ=घर) बाट कुरुम्बाङ भएझै त्यस्तो थुप्रै उधारणहरू पाइन्छ । वंश पत्तालाउनको लागि लिम्बूहरूको आ-आफ्नो यक र मिङस्राहरू हुन्छ । उल्लिखित कुराहरूमा फरक परे एउटै थरको पनि एउटै पुर्खाका सन्तानमा पर्दैनन् भनेर जान्नु पर्ने हुन्छ । यी कुराहरू वंशावलीका लागि मूल स्रोत हुन् ।

यसपालि वि.सं. २०६७/१०/०८ गते धरानमा सिम्लेबाट छुटेर गई साँगु, ताप्लेजुङमा (पाङमा) भई बसेका हाम्रा कुरुम्बाङ दाजुभाइसँग बृहत छलफल भयो । उक्त भेलाले संशोधित वंशावलीमा (पाङमा)हरूलाई पनि समेट्ने निर्णय भएअनुसार समेट्ने कार्य गरिएको छ । यहाँ कोही पनि नछुटुन् भन्ने हामी सबैको चाहाना हो । गर्दागर्दै पनि कुनै कारण बस छुट्न गएमा क्षमा माग्दै अर्को संस्करणमा समेट्ने प्रयास जारी नै रहनेछ भन्ने जानकारी गराउँदछु । वेवसाइट www.kurumbang.com मा सम्पर्क राख्नुभए तुरुन्तै थप र भूल सुधार गरिनेछ । चेलीहरूलाई पनि समेट्न खोजेका छौं तर स्रोतहरु पाउन गाह्रो भएकाले त्यसमा सङ्कलक-प्रकाशक मण्डल चेलीहरू समक्ष क्षमाप्रार्थी छौं ।

खोज र अनुसन्धानकर्ता अग्रज श्री देशराज कुरुम्बाङ र श्री भीमराज कुरुम्बाङमा हार्दिक आभार व्यक्त गर्दछु । उहाँहरूकै सर्मथन र सहयोगले दोस्रो संस्करण कुरुम्बाङ वंशावलीको सम्पादन गर्ने मौका पाएँ, र वि.सं. २०५२ सालमा छापिएको "कुरुम्बाङ वंशावली" को दोस्रो संस्करणको रूपमा "कुरुम्बाङ वंशावली र इतिहास" सङ्कलन तथा प्रकाशन गर्ने मौका मिल्यो । वंशावलीको थप सङ्कलनका लागि विशेषगरी पाङमा दाजुभाइहरूले आवश्यक सहयोग गर्नुभएको छ, त्यसमा धेरै-धेरै धन्यवाद दिन चाहन्छु । अनि प्रकाशक मण्डललाई पनि आभर व्यक्त गर्दछु । उहाँहरूको सहयोगबिना यो कार्य असम्भव थियो ।

अन्त्यमा, यस कुरुम्बाङ वंशावलीबारे आफ्नो सरगर्भित मन्तव्य दिएर वंशावलीलाई गहकिलो बनाइ उर्जा प्रदान गरी दिनुहुने डा. मारोहाङ खङवा लिम्बू र युवा लिम्बू इतिहास तथा मुन्धुम् अनुसन्धानकर्ता श्री अर्जुनबाबु माबोहाङ लिम्बू तथा डा. नगेन्द्र कुरुम्बाङमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अनि हाल बेलैतको बर्मिङ्हाममा बस्नुहुने साम्बा श्री टंक वनेम जिउले वंशावलीबारे सल्लाह, सुझाव र सामग्रीहरू दिइ धेरै सहयोग गर्नुभएकोमा उहाँलाई मुरी-मुरी धन्यवाद साथै आभार व्यक्त गर्दछु । यस वंशावलीबारे लेखाइ र छपाइमा त्रुटी हुनु स्वाभाविक हो, त्यसका लागि हार्दिक क्षमा प्रार्थी छौं । यसका लागि सान्दर्भिक प्रतिक्रिया एवं सुझावको अपेक्षा राख्दछु । सेवारो !

जन्म स्थानः सुङनाम ७, लसुने, तेह्रथुम
ठेगानाः धरान १५/९, जीवनज्योति पथ, सुनसरी
हालः यू.के.

## मन्तव्य



तुलाहर्क कुरुम्बाङ

जुनसुकै मानव जातिमा आ-आफ्नै अस्तित्व र पहिचान हुन्छ । अन्त त्यस पिछाडि विवेकशिल मानिसको दाँजोमा पुग्न आफ्ना इतिहास, भाषा, संस्कृति र वंश अनिवार्य चाहिन्छ । मेरो जन्म पान्थर जिल्ला आङ्साराङ् पिपलबोटे गा.वि.स. वार्ड नं. ९ वसाँगुमा बि.सं. २००१ साल कार्तिकमा स्व. पिता लालबहादुर कुरुम्बाङ र स्व. माता पञ्चरानी कुरुम्बाङ (आङदेम्बे) को कोखबाट काँहिंला सुपुत्रको रूपमा भएको हो । वालक अवस्था सम्म डाँडाकाँडा पैंठेजोरी गर्दै १८ वर्ष को उमेरमा ईण्डिया सैनिकमा भर्ति भई २० वर्षसम्म नोकरी पुरागरी हल्दार दर्जामा अवकास भइयो । स्वदेशमा नै आई देशको सेवा गर्ने मनसायले मिति २०४० साल देखि समाजसेवा र राजनीतिमा संलग्न भई सदस्य देखि विभिन्त तहको पदमा रही आएको छ । जस्तैः श्री जयनारायण मा.वि. मेहेलबोटेको सदस्य, श्री सिद्ध देवी प्रा.वि. आङसाराङको सदस्य, नेपाल वाणिज्य बैंक यासकको सदस्य, किरात याक्थुङ चुम्लुङ आङसाराङको अध्यक्ष, किरात धर्मको केन्द्रिय सदस्य, किरात धर्म तथा साहित्य उत्थान संघको अन्तराट्रियको सदस्य र पान्थर जिल्ला सेहोनाम्लाङ संरक्षण समितिको अध्यक्ष पदमा रहेर कार्यभार सम्हालीकेको छु । त्यही समय देखि हाम्रो वंश तथा इतिहासको पहिचान गरी हाम्रो कुरुम्बाङको वंशको निरन्तरता दिदै सेङसेनगुम फेदाप सङ्जुम्भोको संस्था खडा गरी बि.सं. २०५८ सालदेखि निरन्तर केन्द्रिय अध्यक्षको जिम्मा लिइरहेकोछु । पहिलो प्रकाशित कुरुम्बाङ वंशवलीमा समेत मेरो भूमिका रहेको र दोस्रो प्रकाशनमा पनि आफ्नो भूमिका निर्वाह गरिरहेको छु । निश्चय पनि हाम्रो दोस्रो प्रकाशनमा वंशावली अझै सुधारिएर आउनेमा म ढुक्कछु । अनि अवस्यनै हाम्रो वंशावली हातहातमा पर्ने छ । अन्त्यमा प्रकाशन समुहलाई पनि धन्यवाद दिन चाहन्छु ।

## दुई शब्द



रनधोज कुरुम्बाङ

श्रदेय कुरुम्बाङ बुबाआमा, दाजुभाइ, छोरा-भतिज र दिदीबहिनीहरूमा साइनोअनुसारको सेवाढोग र न्यानो माया एवं अभिवादन टक्रयाउदछु।

बिशेषतः वंशावली भन्नेवित्तिकै अनादीकालदेखि हालसम्मको निरन्तर (जन्म) वंशानुक्रम चक्रलाई नै वंशावली भन्ने बुझ्दछौं । वंशावली भन्ने शब्द जति सजिलोछ, तर क्रमबद्ध र लिपिबद्ध गर्न त्यति नै कठीन छ । यसरी यस कठीन वंशावली निर्माण गर्ने कार्य मेरो अग्रज पूज्य (तुम्बा) ठूलोबाबु देशराज कुरुम्बाङले बि.सं. २०४५ सालबाट लगातार लागिपरी आफ्नो नाति पर्ने वसाङगु पान्थरमा जन्म भई हाल झापा सनिश्चरे कालीझोडा निवासी श्री भीमराज कुरुम्बाङलाई सचिव र सम्पादक बनाई नेपालको पूर्विय लिम्बूवान (प्रान्त) क्षेत्रको सम्पूर्ण ठाउँ र भारतको आसाम, नागाहेल, भुटान, दार्जिलिङ्ग र सिक्कीमसमेत ठाउँमा पूगी सिङ्गो कुरुम्बाङ वंशजको प्राचीनकालीन इतिहासलाई खोज-अनुसन्धान गर्दै तथा विभिन्न थरी लिम्बूहरूसंग बैठक, भेला गरी वहाँहरूबाट आएका प्राप्त सत्य-तथ्य सल्लाह-सुझाव एवं हामीहरूमाझ रहेका ताजा प्रमाण स्रोतसाधनहरूको आधार बनाई अथक प्रयासबाट एकप्रकारले वंशावली पुस्तकका रूपमा बि.सं. २०५१/०५२ सालमा प्रथमपटक प्रकाशित गर्नुभयो।

यस वंशावली पुस्तिकाले समेटेका र उल्लेख भएका वंशहरूमा धेरै पूर्णता भएको महसुस गरे । तर, थोरैले प्रतिक्रिया जनाए । हुनत वंशावली सङ्कलन भन्ने कुरा कुनै सरल कुरा भने होइन । आफ्ना पुर्खाको कहाँ थिए, कहाँबाट कसरी आए, उसका सन्तानहरू को-को हुन, ती कहाँ छन् र आफू कसको सन्तान हो भन्ने कुरामा खुल्दुली लाग्नु र आफूले आफैलाई चिन्न र चिनाउन अति आवश्यक छ । यस्तो कार्यमा वंशावली खोजकर्ताहरूलाई हामीले आफूसंग भएका स्रोत-वंशावली टिपोट र मौखिक ज्ञान) र साधन-खाना, आवास र रुपैयाँ) के कसरी उपलब्ध गरायौं, त्यसमा पनि भर पर्छ तथ्यकुरा प्रकाशनमा ल्याउनलाई।

विभिन्न ठाउँमा छरिएर बसेका घरगाउँका कुरुम्बाङ बन्धुहरूमा पुग्न नसक्नु, पुगेको अवस्थामा पनि सम्बन्धित व्यक्तिले आफ्नो पुर्खौली चिनारी दिन नलिनु जस्ता गुनासोहरू वंशावली संकलक श्री देशराज कुरुम्बाङले अझै पनि हामीसँग पोख्नुहुन्छ । अत यस्ता यावत समस्याहरूलाई ध्यानमा राखि पुनः कुरुम्बाङ भेला, अधिवेशनबाट स्वादेश र विदेशका सम्पूर्ण गाउँ र क्षेत्रलाई समेटी एउटा जातीय थरगत "संस्था सेङसेनगुम फेदाप कुरुम्बाङ सङजुम्भो केन्द्रीय कार्य समिति" समेत श्री तुलाहर्क कुरुम्बाङको अध्यक्षतामा पन्ध्र सदसीय समिति गठन तय गर्ने काम सम्पन्न भई विभिन्न गा.वि.स. क्षेत्रीय र वडा कमिटीसमेत गठन प्रक्रियाहरू सम्पन्न भए । तर, दुर्भाग्यको कुरा, सम्बन्धित क्षेत्र र गा.वि.स. का समितिहरू देशमा चलेको माओवादी जनयुद्धका कारणले पूर्णरूपले निश्क्रिय रहन गयो।

तथापि उहाँले आफ्नो व्यक्तिगत स्वार्थ र मोह त्यागी, परिवारसमेतलाई थाति राखेर भएता पनि वंशावली सच्याएरै छाड्ने दृढ हिम्मत कसेर पुनः खोजअनुसन्धान गर्ने क्रममा भारतको सिक्कीम, दार्जिलिङ्ग, कालेम्पोङ्ग, आसाम, नागाल्याण्ड, भुटान र बर्मासम्म र नेपालका विभिन्न जिल्ला गा.वि.स.मा रहेका कुरुम्बाङहरूलाई खोजी, वंश पत्ता लगाई सम्बन्धित गा.वि.स.को वंशमा समावेश गरिदिनु भनी सम्बन्धित गा.वि.स.का वंशावली खोजकर्ता प्रतिनिधिहरूलाई जिम्मा दिने कार्य पनि गर्नु भयो । तर, यस कुरालाई समेटी राखिदिने काम गर्नु/नगर्नु सम्बन्धित गा.वि.स. र क्षेत्रहरूको जिम्मेवारीको कुरा थियो।

यसरी धन सम्पत्तिको मोह त्यागी निस्वार्थ भावनाले आफ्नो व्यक्तिगत खर्च गरेर स्वदेशको कुना-कुनासम्म पुगी वंश खोजअनुसन्धान गर्ने कार्यमा संकटकालीन अवश्थामा पनि आफ्नो जीउज्यानसमेत बाजी राखेर अहगोत्र वंशकै निमित्त जीवन अर्पन गर्नु हुने मेरो अग्रज ठूलोबुबा श्री देशराज कुरुम्बाङ तथा उहाँको निर्देशनमा मुख्य भूमिका खेल्न हुने अग्रज भतिज भीमराज कुरुम्बाङ, तुलाहर्क कुरुम्बाङ र वंशावली पुस्तक छपाई सम्पूण कुरुम्बाङ वंशहरूका हात-हातमा पुऱ्याउने अठोट लिई पुस्तक छपाइको तयारीमा रहनुभएका मेरा भतिज श्री

हर्कजङ कुरुम्बाङज्यूहरूमा सम्पूर्ण कुरुम्बाङहरूका तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञताका साथ धन्यवाद चढाउदछु ।

अन्तमा यस वंशावली दोस्रो संस्करण तयार गर्ने क्रममा विभिन्न क्षेत्र र गा.वि.स.बाट प्राप्त भएका र श्री देशराज कुरुम्बाङ (तुम्बा) बाट संकलित श्रोत सामग्री समेतलाई सम्बन्धित ठाउँमा राखी सम्पादन गर्ने कार्यमा सरिक भई सच्याउने प्रयास गर्दागर्दै पनि छुट हुन गएको कुरा महसुस गरेकोछु । साथै केही गा.वि.स. र क्षेत्रको वंशावली सच्याउने कार्य सम्बन्धित ठाउँका प्रतिनिधिले नै नगरेको कारण शंका हुँदाहुँदै पनि पुरानो खाकाअनुसार नै जस्ताको तस्तै सर्लक सारेर राख्ने काम गरेको छु । हामी कुरुम्बाङ वंशहरु ठाउँमा जस्तोसुकै अवस्थामा रहेपनि हामी सबैमा उनै तागेरा निङवाफुमाङ परमेश्वरले रक्षा र भलो कल्याण गरुन भन्दै कुरुम्बाङ वंशको उत्तरोत्तर प्रगति होस् भन्ने कामना सहित सेवारो ।

कुरुम्बाङ वंशको जयहोस ।

सम्पूर्ण कुरुम्बाङ एक हौं ।

तियाहा ।

मितिः २०६५।१०।१०

सह सम्पादकः श्री रनधोज कुरुम्बाङ

ठेगानाः आरूबोटे गा.वि.स. १, पाँचथर

सम्पर्क नं. ९८४२१८३६५३

## मन्तव्य



देशराज कुरुम्बाङ

जुनसुकै प्राणीले जन्मदेखि मृत्युपर्यन्त अनेक किसिमका चिन्तन बोकेर हिँडेको हुन्छ । जन्मभरको बाटो कसैलाई पनि थाहा हुँदैन । को आयो को गयो, किन आए र किन गए भन्ने सोचाइ कहिले पनि हामी गर्दैनौं । सोही कुरा हामी किरात वर्गमा कमै मात्र थाहा होला । जुन मानिसको स्वरूप यो मर्त्यलोकमा आएर केही गर्छु भन्ने भावना बोकेर यस संसारमा उनै तागेरानिङवाफुमाङसँगै आएका हुन्छन् । तर, समाजले चिनेको हुँदैन र बाटो पनि पाउदैन । यस्ता रहस्यमय कुराहरू हुन्छन् । जाति सुधार, कसैलाई वंशसुधार र कसैलाई समाज सुधारका निमित्त हाम्रो धेरै महापुरुषहरूको जन्म भइसक्यो तर, जिउँदो रहुन्जेल उनीहरूलाई कसैले चिन्दैनन्, स्वर्गवास भएपछि मात्र उनीहरूको नाम लिने चलन छ । त्यसकारण पिछडिएको समाज बन्न पुग्यो र धेरै मिहिनतसँग कुरुम्बाङ वंशावली खोजतलास गरी वंशावली तयार हुन लागेको छ ।

मेरो जन्म कुम्भकर्णको फेदी वि.सं. १९९० साल श्रावण २६ गतेका दिन बाबु लालबहादुर कुरुम्बाङ आमा पञ्चरानी कुरुम्बाङको कोखबाट वर्तमान पाँचथर जिल्ला आङसराङ पिपलबोटे गा.बि.स. वार्ड नं.९ मा भएको हो । वि.सं. २०१२ सालमा इण्डिया कम्पनीको सेनामा भर्ती पनि भएको र विमारको कारण भर्तीबाट घर फर्केर समाज सेवामा लागेको हुँ । गाउँको बीच ठाउँमा श्री सिद्ध देवी प्रा.वि. देउरालीको नामाकरण भएको विद्यालय भवन बि.सं. २०२२ साल मा निर्माण गरी बि.सं. २०२५ साल सम्म सेवा पुऱ्याएको थिएं । वि.सं. २०४० सालदेखि किरात धर्ममा प्रवेश गरी विभिन्न जाति सुधार गर्दै र वि.सं. २०४५ साल बैशाखदेखि कुरुम्बाङ दाजुभाइहरूका घर-घरमा पुगेर वंशावलीको खोजी कार्य गरेको हुँ ।

हाम्रो कुरुम्बाङ वंशावलीको खोजमा दाजुभाइहरूले पुऱ्याउनुभएको सहयोगका लागि म आभारी छु । यस कार्यमा विशेष सहयोग गर्नुहुने मित्र नाति श्री भीमराज कुरुम्बाङलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै वंशवलीको दोस्रो संस्करण प्रकाशनका लागि संशोधन कार्यमा खोज-अनुसन्धान तथा व्यावस्थापन कार्यमा संलग्न हर्कजङ कुरुम्बाङज्यूलाई पनि धन्यवाद दिन चहान्छु ।

मैले स्वदेशमा भोजपुर, दिक्तेल, संखुवा सभा, धनकुटा, तेह्रथुम, इलाम, सुनसरी, मोरङ्ग, ताप्लेजुङ्ग र झापाका ठाउँहरू डुलेको छु । त्यस्तै विदेशमा इण्डिया, सिक्खिम, भुटान, आसाम, बङ्गाल, जम्बु कस्मीर, बनरास, देराहदुन, लखनाऊ, इलाहबाद, मनिपुर र दार्जिङ्गि सम्म भ्रमण गरेको छु ।

ठेगानाः लखनपुर १, पाडाजुँगी, झापा

## शुभकामना सन्देश



डा. नगेन्द्र कुरुम्बाङ

सर्वप्रथम त कुरुम्बाङ बंशावली प्रकाशनको लागि खोज, अनुसन्धान र अध्ययन गरी यो पुस्तक सामग्री तयार पार्न आफ्नो अथक प्रयत्न गर्नुहुने मेरा सम्पूर्ण अग्रजहरूमा म हार्दिक आभार प्रकट गर्दछु । मानवीय विकास र उत्थानको निम्ति उसको उत्पति र इतिहासको खोज तथा अन्वेषणले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । नेपाल विविध जातजाती, भाषभाषी र धर्मावलम्बीहरूको साझा थलो हो भन्ने त सर्वविधित नै छ । यसै अनुरुप कुरुम्बाङ वंश (लिम्बू जाति मध्ये एक) पनि प्राचीन काल देखि नै आफ्नो अस्तित्वमा रहेको कुरा यस पुस्तकमा प्रकाशित सामग्रीबाट पुष्टि हुन्छ । अहिले एकाइसौं शताब्दीको अत्याधुनिक प्रविधि संग हातेमालो गर्दै हिडेका कुरुम्बाङ युबा जगतमा समेत यो पुस्तकले म को हुँ ? र मेरो परिचय के हो ? भन्ने प्रश्नको सहज हल गर्नेछ भन्नेमा म विश्वस्त छु ।

यस बंशावलीमा प्रकाशित सामग्रीले हामी सम्पूर्ण कुरुम्बाङ वंशको एक संक्षिप्त परिचय प्रदान गर्नको लागि महत्वपूर्ण योगदान दिने कुरामा म विश्वस्त छु । अन्त्यमा फेरि एकपटक हाम्रा अग्रज कुरुम्बाङहरू प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्न चाहन्छु जसको प्रयाशबाट आज यो पुस्तक तपाई हामी सामू आउन सफल भएको छ ।

Nagendra Kurumbang, PhD
Postdoctoral Fellow
Systems Bioengineering Laboratory
Department of Chemical and Biological Engineering
Korea University, Anam Dong
Seoul, Republic of Korea

## Thoughts on "Kurumbang Bansawali and History"



Dr. Marohang Limbu

I was so thrilled to read "Kurumbang Bansawali ra Itihas" (2011) when my friend Harkajang Kurumbang (Limbu) sent the manuscript for the first time. After reading it thoroughly, I realized that the Kurumbang researchers, scholars, participants, and editors did an enormous job to compile narratives, history, and other information. I call it an "enormous job" because all Limbu/Kirat documents had been burned down by the dominant group of people. They also distorted the Limbu and other Kirat identities as much as they could for centuries. So, what we have now is only oral texts and negligible number of written documents. To add more, while I was reading the book, I could catch sight of the Limbu ancestors; I could see their hazy images, for their images had been disfigured by the ruling class people for centuries. So, I claim that not only does this book create Kurumbang identities, subjectivities, and agencies, but also tends to portray overall identities and spaces of the Limbus/Kirats. Moreover, it also encourages other Limbus, Kirats, and monirity people to recreate their identities and spaces as well. In short, this book both creates identity of Kurumbang Limbu people in Nepal and introduces them as the global citizens of the world in the twenty-first century's globalized world.

Many sections of this book such as following Unit A(Khand ka) page number 34 and Unit C(Khand ga) page number 5 to 45 drew my close attention; perhaps they also draw attention of other Kirat fellow beings (including other researchers and readers) as well. For instance, the sections, including other historical narratives, stress who the Kirats were, who the Kirats are, and how they were divided. In so doing, this book re/maps the Limbuwan histories, narratives, and identities. What I like most about this book is the way the Kurumbangs map their (Kurumbang) history to construct realities to serve their purposes. This book definitely sparks various research areas and encourages other Kirats to remap their narratives. Despite the fact that "**Kurumbang Bansawali and Itihas**" is geared toward Kurumbang history, Kurumbang identity, and Kurumbang sapces, not only does it play a role to identify who the Kumbangs were and who the Kurumbangs are now, but it also implicitly enforces other Nepalese indigenous people (minorities) to research and find out their identities. It "**Kurumbang Bansawali and Itihas**" will also play a significant role to bring all known and unknown Kirat people of Nepal (and other regions) together in the near future.

As we know that knowledge is a social construct, and knowledge is the heart of human civilization, this ''**Kurumbang Bansawali ra Itihas**" constructs knowledge that the Kurumbangs were and are the pillars of Limbuwan and backbone of the nation. Moreover, this book also

indoctrinates that knowledge is a social construct, and identity is a social construct; therefore, we can construct our identities, histories, and spaces to serve our purposes. Based on this theory, the researchers, writers, and editors of this book do not merely tell us the stories as they were heard from our forefathers, but they also teach us that we can reconstruct and retell the stories as they will have been heard in the future. I am thankful to the Kurumbangs for their recreating narratives, disseminating histories, and maintaining such human knowledge in the twenty-first century's globalized world.

Finally, this book "**Kurumbang Bansawali ra Itihas**" gives and will give a concrete identities, spaces, and voices to the Kurumbang Limbus. By bringing historical narratives, official documents, and other archives, it also strongly challenges the dominant groups (who silenced the Limbu and Kirat voices for centuries). Furthermore, it empowers silenced Kirat voices. I am also quite sure that it ("**Kurumbang Bansawali ra Itihas**") will open up a new corridor through which Limbus, Limbu scholars, and other researchers will be able to enter into various vast Kurumbang (Limbu/Kirat) spaces for the further research.

Assistant Professor
Writing, Rhetoric, and American Cultures
Michigan State University
East Lansing, Michigan
The United States of America

**चिठीपत्र**



राम कुरुम्बाङ

आदरणीय बाजेः श्री पदमबहादुर कुरुम्बाङ, धरान, सुनसरी
नमस्कार, सेवारो !

विशेषः हाम्रो कुरुम्बाङ वंशावली संकलन र प्रकाशन गर्न अहोरात्र दुःख कष्ट गर्दै, आर्थिक, भौतिक एवं वौद्धिक योगदान गर्नु हुने सम्पूर्ण अग्रज दाजुभाइहरू प्रति हार्दिक आभार प्रकट गर्दै नोगेन सेवा व्यक्तगर्न चाहान्छु ।

यस पत्रका साथमा हाम्रो वंशावलीको प्रथम संस्करणमा केही छुटेका कुराहरू जोड्न, १५ वर्षको अवधिमा नयाँ जन्म भएका सन्तानका नामहरू, प्रथम संस्करणमा नसमेटिएका दाजुभाइहरूको थप नाम पुस्ताक्रम नमिलेकोमा यथा सक्य सही साँचो पुस्ताक्रम पत्तालगाइ जोड्ने, नामहरू वास्तविक बनाउने, शुद्ध वनाउने र जोड्ने प्रयत्न गरेको छु । तथापि यो मेरो प्रयत्नमा अझ धेरै कमजोरीहरू पत्ता नलागेका हुन सक्छन् । र थप खोजको विषय हुन सक्छ भन्ने लाग्छ ।
यस विवरणमा-सिम्ले, पोक्लबाङ् यक अन्तर्गतको पुल्दुङ, खोलाखेत, ज्यामिरे, नरकटे, इसिबु, थोक्लुङ् र संक्रान्तिमा बसोबास गर्ने, साथै आसामको विहामारी वन गाउँ सोनितपुरमा बसोबास गर्ने दाजुभाइहरूको वंश जोड्ने प्रयास गरेको छु । सोनितपुरमा बसोबास गर्नेहरू मध्ये टेक बहादुरको छोराहरू मध्ये जेठा श्री भक्त बाहेक माइला लाख मान साँहिला लाखि प्रसाद र कान्छा मेघनाथको सन्तानहरू आसाम सोनितपुरमा नै छन् । अन्यलाई जोड्न पुनः खोजको आवश्यक छ । सकेसम्म जोड्ने प्रयत्न गरेको छु । लसुनेको दाजुभाइहरूको प्रथम संस्करणमा समलग्न तथ्याङ्क म आफैले ल्याएको हुनाले पुरानै बिवरण राखे हुन्छ र नयाँ जन्म हुनेहरूको थप गर्दा हुन्छ भन्ने लाग्छ मलाई ।

अन्त्यमा, वंशावली प्रकाशन कार्यमा सफल्ता मिलोस भनि सबै दाजुभाइहरूमा शुभकामना व्यक्त गर्न चाहान्छु । सेवारो !

श्री महाकाली उ.मा.वि. पुल्दुङ, सिम्ले ८, तेह्रथुम ।
फोन नं. ९७४२०२३९६०

## मेरो भनाइ र पचिय



पूर्णकुमार कुरुम्बाङ

मेरो जन्म स्थान पाँचथर जिल्ला अरूबोटे गा.वि.सं. वार्ड नं.१ गैरी गाउँ हो । मेरो जन्म वि.सं. २०१९ साल चैत्र २६ गतेको दिनमा भएको हो । म स्व. सुबिनाथ कुरुम्बाङको खनाती, स्व. जय बहादुरको पनाती, स्व. बम बहादुरको नाती श्री रत्न बहादुरको जेष्ठ सुपुत्र हुँ । हामी जम्मा ५ भाइ छौं । जेठी श्रीमती पट्टि २ भाइ, २ वहिनी र कान्छी श्रीमती पट्टि ३ भाइ, २ वहिनी छौं । हामी आज सम्म एउटै परिवार भएर बसेको छौं र कोही पनि छुटेको छैनौं । मैले आरूबोटे स्कूलमा कक्षा २ सम्म पढेर वि.सं. २०२९ सालमा श्री राधिका माध्यमिक विद्यालय उर्लाबारीमा कक्षा चार बाट पढ्न थालेको हो । मैले वि.सं. २०३६ सालमा उर्लाबरीबाट एस.एल.सी. पास गरेर ब्रिटिश आर्मीमा भर्ती भएको थिए ।

म ब्रिटिश आर्मीमा १९८१ सालको फेब्रवरी १ को दिनमा भर्ती भएको थिएँ । धरानको घोपा क्याम्पबाट भर्ती भई मेरो फौजी तालिम हङ्कङ्ग को सेकङ्गमा भएको थियो । मैले नौ महिना तालिम सकेपछि सन् १९८१ ओक्टुबर २५ को दिन सेभेन् गोर्खा राईफल यू.के. गएको थिएँ । १२ मे १९८२ को दिन यू.के. चर्चक्रुखामबाट विहान ४ बजे फक्ल्याण्ड आइलेण्ड लडाइमा गएको थिएँ । फक्ल्याण्ड आइल्याण्डमा दुश्मन अर्जेनटिना थिए र त्यहाँ लडाइ पनि ब्रिटिशले जित्यो । मैले बेलिज, साउथ एटलान्टिक, रोज रेट्ट र लङ्ग सर्भेस गुड कन्डक्ट मेडलहरू प्राप्त गरेको छु ।

मैले हल सम्म हङ्कङ्ग, यू.के., यू.एस.ए., बेलिज, फक्ल्याण्ड आइल्याण्ड, फिजी आइल्याण्ड, साइप्रोस, ब्रुनाई, मलेसिया, केनाडा, अष्ट्रेलिया, थाइल्याण्ड लगाएतका देशहरू भ्रमण गरेको छु । मैले सन् १९८३ को फेब्रुरीदेखि जुन सम्म पारासुट् जम्प कोर्स गरेको थिएँ । पारा जम्प धेरै पल्ट गरेको छु । त्यसमा रातीको जम्प र दिनको जम्प नमुनाहरू पनि देखाएको हो । म सन् १९९६ मा पेन्सन गएको थिएँ । मेरो तीनवटी छोरीहरू छीन्: जेठी एलिसा, माइली इन्जिला र कान्छी सिम्रन ।

यो वंश निकाल्नु भनेको राम्रो र सम्देनसिल कुरा हो । यसमा श्री हर्कजङ ज्यूलाई हामी सबै यू.के.को कुरुम्बाङ बासीले धन्यवाद दिनुपर्छ । धेरै दुःख, धेरै व्यक्तिगत खर्च गर्नु भएकोछ, यसमा हामी आभारी छौं । हामी कुरुम्बाङ दाजु-भाइ तथा दिदी-बहिनीहरू अलिक-अलिक बामे सर्दै जाँदैछौं । हर्कजङ ज्यू र वहाँको सहयोगी नेपालमा भएको हाम्रो दाजुभाइहरू प्रति हामी सबै यू.के.बासी कुरुम्बाङहरूबाट नैतिक, भौतिक र आर्थिक सहयोग गरेमा भोली यो वंशावली निकाल्नु मात्र नभएर अरु क्षेत्रमा पनि अवश्यनै हामी अग्रसर हुनु सक्छौं भन्ने म पूर्णकुमार कुरुम्बाङ आशा गर्दछु ।

अर्को कुरा हामी यू.के.मा न आएर बसोबास गर्दै छौं । अबको ५० वर्ष पछि हाम्रो भावी सन्तानले के गर्ला ? रीति थिति, धर्म, कर्म कुन स्थितिमा मोडिने हो ? हामी कुरुम्बाङ यू.के.बासी मिलेर कमी कम्जोडीहरू सर सल्लाहबाट सुधार्नु सकिन्छ भन्ने आशा गरेकोछु । यू.के.मा प्रथम पटक परिवार ल्याउने तपाई हामी नै हो । सन् २००६ को ओक्टुबर २४ भन्दा अगाडि आई.एल.ई.लगाएर हाल हामी यू.के. आइ सक्यौं । कम्ती भागमा नेपालमा हुनु हुन्छन् । कतै भावी सन्तानहरूले भोली नेपाल कहाँ पर्छ भन्दा थाहा छैन भन्ने त हैन ? त्यसैले यी यस्ता कुराहरू आदि इत्यादि हामी जगेर्ना मिलेर सुधारहरू ल्याउनु पर्ने स्थितिहरु देखेकोछु अर्को कुरा अरु थरहरूको अनुपातमा हाम्रो कुरुम्बाङहरूको जनसंख्या पनि कम्ती देखेकोछु । त्यसै कारणले मेरो यही पत्र मार्फत सन्देशछ की अरुले परिवार नियोजन गरेपनि फेमिली प्लानिङ्ग गरेपनि हाम्रो कुरुम्बाङ सन्तानहरूले नगरौं । किन कि जुन संख्याको आधारले पनि भोली हाम्रो वंशमा ठूलो मद्धत पुग्नेछ ।

ठेगाना: अरूबोटे १, पान्थर

## शुभकामना मन्तव्य



सामान्य अर्थमा वंशावली भन्नाले पुर्खाहरूको स्मरण गर्ने लघु इतिहास हो । इतिहास भनेको मानव सभ्याताको विगतको प्रतिविम्ब हो । इतिहास हिजोको वर्तमान हो, र वर्तमान भोलिको इतिहास हो । इतिहास विनाको मानिस लंगडो हुन्छ । इतिहास एउटा निरन्तर बगिरहने नदी हो । यो कहिल्यै पनि टुड्दैन, त्यसैले इतिहास समाज विकासको निरन्तर मार्ग चित्रको रूपमा लिन सकिन्छ ।

वंशावली इतिहासको एउटा अंश हो । त्यसैले लिम्बू समाजमा वंशावलीको अत्यन्तै महत्व पूर्ण स्थान रहेको देखिन्छ । हामी याक्थुङबाहरूले विभिन्न साम्माङहरू गर्दा विगतका हाम्रो पुर्खाहरूलाई स्मरण गर्नु पर्ने हुन्छ । त्यसकारण जस्को पुर्खाहरूको इतिहास छैन उ अस्तित्व विहिन हुन्छ । त्यतिखेर उसले सामाजिक हैसियत गुमाएको हुन्छ । किन भने इतिहासले अस्तितवलाई जीवन्तता प्रदान गरेको हुन्छ । पुर्खाहरूको योगदानको क्रमले हाम्रो अस्तितव विधामान छ । पुर्खाहरूको स्मरण गर्नु सन्ततीको कर्तव्य पनि हो । इतिहासलाई भुल्नु भनेको आफुलाई जन्म दिने आमा बाबुलाई भुल्नु हो । इतिहास विर्सिनु नै भविस्यलाई पहिल्याउन नसक्नु हो । इतिहासको अध्ययनले नै भावी पिडीहरूलाई ठूलो मार्ग दर्शन दिन सकिन्छ । त्यसैले हामी लिम्बू जातिहरूको वंशावली एउटा अत्यन्तै आवश्यक अशितत्वलाई जोगाउने हतियार पनि हो । त्यसकारण हामीले पुर्खाहरूको घटना क्रमलाई सत्य तथ्य खोज अनुसन्धान गरी संरक्षण र सम्बर्धन गर्नु हाम्रो कर्तव्य हुन आउछ ।

अन्त्यमा मैले पनि लामो समय सम्म कुरुम्बाङ वंशावली खोज अनुसन्धान गरी प्रकाशन गर्ने मेरो अधुरो रहरलाई अत्यन्तै कठिनताका साथ लिम्बुवानमा छरिएर रहनु हुने कुरुम्बाङ वंशहरूको इतिहासलाई विविध अन्तरक्रिया गोष्ठीका साथ खोजी गरी प्रकाशनमा ल्याउनु हुने तुम्याहाङ हर्कजङ कुरुम्बाङ ज्युलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

टिकाराम कुरुम्बाङ
धरान, सुनसरी



हिजो हामी एउटै दाजुभाइ रहेर पनि छुटिन पुगेका थियौं तर आज आफ्नो बारेमा खोजि चासो हुँदा कुरुम्बाङ र (पाङमा) एउटै रहेछौं । यो वंशावली प्रकाशनको राम्रो पक्षनै कुरुम्बाङ र (पाङमा)को एकता गराउनु रह्यो । यसका लागि कुरुम्बाङ र (पाङमा) दाजुभाइहरूलाई धन्यवाद दिन चाहन्छु ।

खड्गबहादुर कुरुम्बाङ
धरान-१०

**शुभकामना मन्तव्य**



सर्वप्रथम म हाम्रो कुरुम्बाङ वंशावली खोजिमा समर्पित रहनु भएका हाम्रा बाजे देशराज कुरुम्बाङज्यूलाई अन्तर हृदयबाट धन्यवाद ज्ञापन गर्न चहान्छु । त्यस्तै दोस्रो संस्करणको प्रकाशनले पहिलो संस्करणले नसमेटेका विषयवस्तुहरू प्रकाशनमा ल्याउनेछ भन्ने मलाई विश्वास छ । यसरी हाम्रो वंशावलीलाई सुधार गर्ने मौका हामी सम्पूर्ण कुरुम्बाङ दाजुभाइहरूले सुभ-अवसर पाउँदा यस कार्यमा लाग्नु भएका पूर्वग्रजहरूलाई वधाइ दिन चहान्छु । यो कार्यले हाम्रो जातिय, धर्म र संस्कृतिलाई जगेर्ना गर्नुपर्छ भन्ने नयाँ पुस्तालाई प्रेरणा मिलेको छ ।

बिलचन्द्र कुरुम्बाङ
ठेगानाः हाङगुम ४, पान्थर, मेची



श्री देशराज कुरुम्बाङले हिमाल, पहाड, तराई र भारतको कुना कन्दरामा खोजीगरी अति दुःख गरेर वि.सं.२०५१।०५२ सालमा प्रकाशित गरी कुरुम्बाङहरूको ठूलो चिन्हारी गरी दिनु भएकोमा उहाँलाई मेरो तर्फबाट उहाँको जीवनकाल शुख समृद्धिले बितोस् भनि हार्दिक शुभ कामना व्यक्त गर्द छु । साथै दोस्रो संस्करणको प्रकाशन सफल्ताको कामना व्यक्त गर्दछु ।

प्रेमकुमार कुरुम्बाङ
ठेगानाः हाङगुम २, जाँतेटार, पान्थर



सर्वप्रथम जुनसुकै प्राणी पनि आफ्नो किसिमले बस्नु, हिडडुल गर्नका लागि प्रयास गर्दछन् । त्यस्तै हामी मानिस जातिहरुमा पनि यो संसारमा सृष्टी भएदेखि नै आफ्नो जातिअनुसार जातीय थर, जातीय वंश हुँदै आएको रहेछ । त्यसैले गर्दा यस हाम्रो वंशावलीको संकलक गर्न अग्रसर साथीहरूलाई धेरै धन्यवाद दिन चहान्छु ।

श्रीमाया कुरुम्बाङको कोखबाट वि.सं.२०१६ साल अश्विन ७ गते दशमी तीथिमा जन्म भई १८ वर्षसम्म बालककाल जीवन बिताइ १९।२० वर्षदेखि गाउँघरको सेवा गरियो । वि.सं. २०४२/२०४३ सालमा पञ्चायतको तानाशाहीकालमा साधारण पद लिई छिमेकी गाउँको सेवा गरियो । मुलुकमा बहुदलिय व्यवस्था घोसितपछि पाटीगतरूपमा पनि पाटीको कार्यकर्ता भई राजनीति गरियो । वि.सं.२०५१/२०५२ सालमा श्री देशराज कुरुम्बाङ हाङगुम गाउँको दुर्गम क्षेत्रमा आउनु भएको थियो । त्यसै वेला कुरुम्बाङ वंशावलीको टिपोट गर्ने र दाजुभाइहरूलाई भेटघाट र चिनजान गर्ने काममा उहाँलाई मैले पनि सहयोग गर्ने मौका पाएँ । त्यसवेला मेरो पनि उहाँसँग परिचय भयो । अनि मैले पनि उहाँको कुरा लिएर गाउँघरमा वंशवाली संङ्कलन गर्न थाले । त्यसपछि आङसाराङ गा.वि.स. वार्ड नं.-९, वसाङगु देउराली डाँडामा पनि यहाँको दुःख शुख कुराहरू बोकेर सेवा गरियो र आज यो हाम्रो वंशावली दाजुभाइहरूमा थप एकताको बल पुग्ने मैले विश्वास लिएको छु । धन्यवाद !

गोपालसिङ कुरुम्बाङ
ठेगानाः हाङगुम १, पान्थर, मेची

## शुभकामना मन्तव्य



आजको युग भनेको इतिहास, संस्कृति तथा धर्मको पुनर्जागरणको युग हो । यसको मतलव हिजोदेखि आज सम्म लिम्बूले मानि ल्याएको मौलिक संस्कारलाई आत्मसात गर्नु, संस्कार तथा संस्कृतिको अभिलेख राख्नु र प्रचारप्रसार गर्नु हो । हिजोदेखिका परम्परागत प्रशासनको आज आएर हामीलाई बोध हुनु पनि जरुरी छ । किनभने आज नयाँ सम्विधानको पनि निर्माण भइरहेको छ । यस्तोअवस्थामा आजका न्याय कानूनहरूको निर्माण भइरहंदा कतिपय हिजोको प्रथागत कानूनहरूको स्रोतलाई पनि मान्नु पर्ने देखिन्छ । मुलुकको संक्रमणकालिन अवस्थामा आज कुरुम्बाङ वंशावलीको प्रकाशनले समय र घटनाक्रम सँगसँगै हिजो छुट्टिन पुगेका र आज जोडिन वा एउटै दाजुभाइहुनपुगेको कुरुम्बाङ दाजुभाइहरू बीच एकता प्रदान गरेको छ भन्ने मलाई लागेको छ । धन्यवाद ।

सन्तकुमार कुरुम्बाङ
धरान -१९



वास्तवमा आफ्नो इतिहास, भाषा, धर्म, संस्कार नभएको मानिसको कुनै परिचय हुँदैन । हामी लिम्बू जातिको आफ्नै परम्परागत थलो, भाषा, इतिहास तथा संस्कार भएकै कारण अरु जाति भन्दा पृथक देखिन्छौं । लिम्बू जाति भित्र पनि विभिन्न थरका लिम्बू छौं । यसै क्रममा कुरुम्बाङ वंशावली प्रकाशन भइरहेको छ । यो वंशावलीले हिजो कुनै कालखण्डमा एउटै दाजुभाइ भएर पनि छुटिएका र आज कुरुम्बाङ र (पाङमा)को नामबाट चिनिएकाहरूलाई कुरुम्बाङ जातिको रूपमा एक बनाएको छ जुन खुशीको कुरा हो । वंशावली खोजकर्ता एवं प्रकाशनकर्ताहरूलाई धन्यवाद दिन चाहन्छु ।

खगेन्द्र कुरुम्बाङ
धरन १६



आजको समयमा मानवबीचका सभ्यता, संस्कार, संस्कृति पत्ता लगाउन अति आवश्यक छ । त्यसैले गर्दा जो हामी जिल्ला ताप्लेजुङ साँघु बस्ने सबै (पाङमा) परिवारको आफ्नो पहिचान खोज्न अपरिहार्य थियो । जस अनुसार अनुसन्धान तथा खोजमा पहिले मैले धेरै योगदान दिंदै आएको छु । यसै क्रममा हाम्रा पुर्खा पोक्लाबाङ (पोक्लाबाङ) सिम्लेबाट आएका थिए । स( प्रमाण साथ पत्ता लगाउन पाउँदा खुशी हुंदै समस्त (पाङमा) भनिएका दाजुभाइलाई अव उप्रान्त हामी सबै कुरुम्बाङ भएको जानकारी दिंदै हामी कुरुम्बाङ परिवारलाई तागेरा निङवाफुमामाङले रक्षा गरिरहुन स-प्रगतिको कामना गर्दछु ।

लालबहादुर कुरुम्बाङ
साँघु-३, ताप्लेजुङ

**शुभकामना मन्तव्य**



वंशावली व्यक्ति, परिवार र समाजको इतिहास हो । यसको खोज गर्नु भनेको इतिहासको वास्तविकता पत्ता लगाउनु हो । यो त्यति सजिलो पनि हुन्न । कुरुम्बाङ वंश मध्येका एक हाङजाजितको मैवाखोला थुम साँघु गाउँका फागो वनेममासँग विवाह गरे आमा थिए । हाङजाजितका दुई छोराहरू वलिनन्द र रत्न (रत्ने) नामका थिए । हाङजाजितको आमा जवानी भएकोले बाबुको मृत्यू पश्चात उनको आमा नावालक छोराहरू सहित हाल शंखुवासभाको पाङमा गाउँको लोहोरुङ राईसँग पोइला गइन । छोरा जवान भएपछि विवाह गरी कान्छाबाबुसँग विमेल हुँदा उनका छोराहरू पनि जवान भईसकेपछि शिद्धपोखरीको कोक्सामा आएर ढालफाँड गरे । उनीहरूलाई पाङमाबाट आएका हुनाले पाङमाली भनेर चिन्न थाले । यस पश्चात जेठा वलिनन्द चाहिँ बढामामली साँघु फर्किए । उनी पनि पाङमाली भनेर नै चिनिए । वंशावली निकाल्न वैज्ञानिक अनुसन्धान पनि खाँचो छ । फिल्डवर्क (कार्यक्षेत्र) मा गएर यस्तो कार्य गर्न सके मात्र वास्तविक तथ्याङक निकाल्न सकिन्छ । यस्तो कठिनाइ सँगसँगै हाम्रो वंशावली निकाल्न थोरै मात्र दुःख नगरि कुरुम्बाङ थरबाट (पाङ्मा) बनेको अथक प्रयासको वावजुत यथार्थ पत्ता लगाई आज हामी सवै (पाङ्मा) परिवार कुरुम्बाङ बन्न पुग्दा कतै दुःख सँगसँगै गहन खोजको यो उपमा पाउँदा सायदै कति खुशी छौं । यसरी खोज कार्यमा सहयोग गर्नु हुने पूर्वज तथा अग्रजहरूलाई धन्यवाद नदिइरहन सकिन । जे होस कुरुम्बाङ (पाङमा) परिवारको उत्तरोत्तर प्रगतिको कामना गर्दै अव उप्रान्त हामी सवै एक परिवारको रूपमा रहन पाउँ भन्ने कामना गर्दछु ।

पिकेश (पुर्णकुमार) कुरुम्बाङ
धरान-१९



सर्वप्रथमत यस वंशावली प्रकाशन गर्नु हुने यू.के.का सम्पूर्ण लाहुरे युनिटलाई मुरी-मुरी धन्यवाद दिन चाहन्छु ।

किनकी आज यस्तो भाषा, लिपि, संस्कृति अनि जात र वंश यस्ता धेरै हाम्रो अस्तित्वको पहिचान दिने मौलिकतालाई लोप भइरहेको अवस्थामा आफ्नो वंशावली कितावको प्रकाशन हुँदा मलाई अति खुशी लाग्यो । हिजोसम्म आफ्नो धर्म, कर्म, संस्कार र वंश भनेको के हो भनेर हामी चिन्न सकेका थिएनौं तर आज आएर धर्म, कर्म र वंश एकता हुनु पर्छ भने हाम्रो मानसिक्ताको विकास हुन थाल्यो त्यसैले हामी सबैले आफ्नो वंश उत्थानको लागि चिन्तन मनन् गरेर आफ्नो सयङलाई कसरी अरुको दाँजोमा पुऱ्याउनु सकिन्छ भन्ने विचार र सोच उत्पन्न हुन हामीलाई परिवर्तन गर्न सक्दैनौ तव सम्म मानव एकता र समाज उत्थान गर्न सक्दैनौं । त्यसैले वंश र समाजलाई एकताको विकाश गर्न सामाजिक भावनाको सोच लिनु अनुवार्य चाहिन्छ । त्यसैले मात्र समाजमा परिवर्तन आउदछ अनि बन्छ त्यो समाज, त्यसैले म सम्पूर्ण कुरुम्बाङ बन्धुहरूलाई के आग्रह गर्दछु भने हामी सबै आफ्नो सयङ (परिवार)लाई एकता बलियो तथा विकास गर्न हामी सबै मिलेर अघि बढ्नु पर्छ भन्ने धारणा प्रस्तुत गर्दै चलिरहेको कलम यही सेष गर्न चाहान्छु । आसेवारो !

रविन कुरुम्बाङ
ठेगानाः आङसराङ, पान्थर

## शुभकामना मन्तव्य



सर्वप्रथम पृथ्वीको उत्पति हुँदाखेरि नै हाम्रो देश नेपाल हिमालय, पहाड, पर्वत हिमश्रृङखोला र तराईका फाँटहरूले सजिएको छ । यही मुलुकको पूर्वी भेगमा पर्ने लिम्बुवान बस्तीका विभिन्न लिम्बू थरीमध्ये हामी कुरुम्बाङ थरी लिम्बूले पनि आफ्नो अस्थित्वको खोजतलास गरी वंशावलीको संशोधनसहित पुनः प्रकाशन हुन लागेको सुन्दा हामी ज्यादै खुशी छौं । त्यसले गर्दा म मलाई सवभन्दा पहिलो हाम्रो कुरुम्बाङ वंशावली खोजअनुसन्धान र प्रकाशनमा ज-जस्ले धेरै दुःखकष्ट गरेर यहाँसम्म पुऱ्याउने हाम्रो बाजे देशराज कुरुम्बाङ लगायत बाँकी महानुभावहरूप्रति आभार व्यक्त गर्दछु । यसरी नै हामीले हाम्रो वंशावलीको थप खोजअनुसन्धान, अभिलेखिकरण र प्रकाशन गर्दै लैजानु पर्छ ।

नरबहादुर कुरुम्बाङ
ठेगानाः हाङगुम १, पान्थर, मेची



सर्वप्रथम आफ्नो व्यस्त समयलाई थाँति राख्दै कुरुम्बाङ वंशावली संकलनमा अहोरात्र खट्दै आउनुभएका अग्रज पुज्यनिय बाजे श्री देशराज कुरुम्बाङप्रति आभार व्यक्त गर्दछु । कुरुम्बाङ वंशावली पुस्तकका रूपमा प्रथम संस्करण मिति २०५१।०५२ सालमा प्रकाशन गर्नु भई देश बिदेसमा बसोबास गर्ने दाजुभाइसँग चिनारी पस्की वंशजको नाता स्पष्ट गरी दिनुभएकोमा पुजयनीय बाजेको नाम सदैव उच्च र पवित्र पुस्तौंपुस्तासम्म मन्दिरझैं वनेर रहोस भन्ने शुभ-कामना पनि वहाँसमक्ष व्यक्त गर्न चहान्छु ।
मैले भन्नुपर्दा देशबिदेसमा बसोबास गर्नुभएका सबै दाजुभाइ वंशजहरूमा यो दोस्रो संस्करण वंशावलीमा यथाशक्य कोही नछुटून् र सबै वंशज एक हौं । साथै अवको ठीक १० वर्षपछाडि तेस्रो वंशावली प्रकाशनमा दोस्रो प्रकाशनमा छुट भएका नामावलीसमेत प्रकाशन गर्नसकिनेगरि आजबाट नै सबै आमाबाबु, दाजुभाइ, दिदीबैनी सजक बनौं भन्दै सम्पूर्ण कुरुम्बाङ वंशजको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

टेकेन्द्र कुरुम्बाङ
ठेगानाः हाङगुम २, याङसिंबुङ, पान्थर



सर्वप्रथम यस कुरुम्बाङ वंशावलीको संकलक अग्रजहरूमा लाखौंलाख आभार व्यक्त प्रकट गर्न चाहान्छु । आजको संसारमा ईश्वरको सृष्टिदेखि नै मानव जातिको विकास हुँदै आएको मानिन्छ । यस सन्दर्भमा हाम्रो मुलुकको भूगोलअनुसार हिमाल, पर्वत, पहाडी श्रृङखला र तराईका फाँटहरूले सजिएको देश नेपाल छ । यही मुलुको पूर्वी क्षेत्रमा विस्तारिएर रहेको लिम्बू जातिमध्ये हामी कुरुम्बाङले पनि आफ्नो अस्थित्वको खोजतलास वंशावलीको पुनःसंस्करण प्रकाशन हुने समचारले हामी ज्यादै खुशी छौं ।

हस्तवीर कुरुम्बाङ
हाङगुम ४, पान्थर, मेची, नेपाल

**शुभकामना मन्त्यव्य**




समाज परिवर्तनशील छ । समाजसापेक्ष संस्कृतिहरू पनि परिवर्तनशील हुँदै जान्छन् । मानव समुदाय अहिले एकाइसौं शताब्दीको उतरार्द्धमा छ । विज्ञानले एकातिर विश्वलाई साँघुरो बनाइरहेको छभने अर्कोतिर मानव जाति आफ्ना पुर्खाको खोजी गरिरहेको छ । त्यस्तै पुरातत्वले विज्ञान पनि मानव इतिहासको खोजीमा तल्लिन छ । यस्तो अवस्थामा आफ्नो लिम्बू जातिभित्र रहेर आफ्नो थरको तथ्यपूर्ण वंशावली खोजकार्यमा हात हाल्ने साहसी श्री देशराज कुरुम्बाङ उहाँको अहोरात्र तपस्यले गर्दा हामी आजको वंशावली हेर्न पाइरहेका छौं । फेरि संशोधित वंशावली प्रकाशन हुनेकुरा सुन्दा मलाई धेरै खुशी लागेकोछ ।

रामबहादुर कुरुम्बाङ
ठेगाना: आङसराङ ४, पान्थर

सृष्टिकालदेखि यो संसारमा विशेषगरी मातृभूमीमा बसोबास गर्ने मानवको आ-अफ्नो रीतिरिवाज र चालचलन छ । त्यसकारण हामी मानवको पनि सबै जातजातिको लिपि, भाषा, संस्कृतिहरू छन् । साथै हामी मानवले आ-आफ्नो अस्तित्व निर्माण गर्दा पुस्तौंपुस्तादेखिको अभिलेख र वंशावली प्रकाशन अति आवश्यक परेको हुँदा हाम्रा बडाबा देशराज कुरुम्बाङले वि.सं. २०४५ साल बैशाखदेखि बसोबास गरिरहेका कुरुम्बाङहरू तपाई-हामी सामुन्ने नजर भेट नभए पनि कितावमा भेट गराएकोमा हामी कुरुम्बाङ हुँ भन्ने थरी लिम्बूहरूले देशराज कुरुम्बाङलाई के भन्नु पर्ने हो, यो मानिसलाई राम्रो-नराम्रो वंश बिग्राहा भन्नु कि वंश उधारक वा वंशउत्थानकर्ता भन्नुपर्ने हो, वा के हो, हामी कुरुम्बाङ वंशले केही त भन्ने बेला आयो । मेरो लागि उहाँलाई अति सम्मान गर्नुपर्ने हो जस्तो लाग्छ । आजलाई मेरो भनाइ यति नै, बाँकीभेटमा कुरा गरौंला । सेवारो ।

फिपराज कुरुम्बाङ



वंशावली सम्बन्धमा मेरो कुरा के छ भने हाम्रो किरात त्येअसीमाङ गुरुले धार्मिक उपदेश दिएको यसमा साम्जिक मुन्धुम्, येत मुन्धुम्मा छ । येत मुन्धुम् मध्येमा त्येअङसी साम्बाले वंशावली लेख्ने खोजअनुसन्धान गर्ने भनेको उक्त दर्शनअनुसार हाम्रा काका देशराज कुरुम्बाङज्यूले वि.सं.२०४५ सालदेखि रातदिन भोक तिर्खा भन्न नपाई खोजअनुसन्धान गरेर पुस्तकको रुपमा ल्याईदिनुभएको र उहाँले हाम्रो अँध्यारो इतिहासलाई उज्यालो बनाइदिनुभएको छ । म तागेरानिङवाफुमाङसँग वहाँको कृति बढदै जाओस भन्ने मंगलमय शुभकामना व्यक्त गर्द छु ।

आइतराज कुरुम्बाङ
माङसेवासावा, किरात युमा माङहिम, दमक ११, झापा

## शुभकामना मन्तव्य



कुरुम्बाङ लिम्बूहरूले वंशावली प्रकाशन गरी आफ्नो थरको इतिहास राख्नेजस्तो महान् कार्य गरेकोमा कार्य सफल्ताको प्रशंसा गर्दछौं । छोरीज्वाइँको तर्फबाट हाम्रो पनि दुई शब्द शुभकामना मन्तव्य छपाई प्रकाशन गरी दिनुभएकोमा आवश्यक सहयोगका लागि तत्पर रहँदै मुरीमुरी धन्यवाद टक्राउदछौं ।

शान्ती हुक्पाचाङबाङ (कुरुम्बाङ)
श्रीमान्: गिर्जाप्रसाद हुक्पाचोङबाङ
सम्दो, तेह्रथुम

## मन्तव्य



सर्वप्रथम कुरुम्बाङ वंशावलीको कसंकलन तथा अनुसन्धान कर्ता अध्यक्ष श्री देशराज कुरुम्बाङज्यू एवं वहाँको सहयोगीहरूलाई मुरीमुरी धन्यवाद । साथै दोस्रो सम्सोधनका सम्पादनकर्ता श्री हर्कजङ कुरुम्बाङ अनि उहाँका सहयोगी श्री रणधोज कुरुम्बाङज्यूमा पनि टक्राउन चहन्छु । जुन कार्यका लागि तपाईहरूले कदम चाल्नु भएको छ, त्यसमा केही अबरोध नभई कार्य सिद्ध होस भनी तागेरानिङवाफुमाङसँग प्राथना गर्दछु । हाम्रा दाजु-भाइ वा कुरुम्बाङहरू नेपालको पूर्व-पश्चिम र उत्तर-दक्षिण मात्र नभएर भारतको कुना कुना लगायत भूटानसम्मको कुरुम्बाङहरूको जनगन्तीमात्र नभएर वंशज छुट्याएर मिलाउनु पर्ने अझै आवश्यकता छ । यसका लागि पनि सोच्नुहोला । हामी सहयोग आवश्यक स्रोतसाधनसहित सहयोग गर्न तयार छौं ।

नरबहादुर कुरुम्बाङ
ठेगाना: सिम्ले १, तेह्रथुम/धरान ७, श्री जंगालाइन

## वंशावली प्रकाशनका शुभेच्छुकहरूको परिचय

नामः पूर्णधोज कुरुम्बाङ
जन्म मितिः २०३४।०७।२२
शिक्षाः कक्षा १०
ठेगानाः हाङगुम २, पान्थर
भ्रमणः सिंगापुर, मलेसियाा

नामः केवलसिङ कुरुम्बाङ
जन्म मितिः २०३९।११।२०
शिक्षाः कक्षा १०
ठेगानाः हाङगुम १, नया बस्ती, पान्थर

नामः टेककुमारी सेर्मा (कुरुम्बाङ)
जन्म मितिः २०१३।०८।१०
सेवाः अध्यक्ष इन्द्रवती मा.वि.व्या.स.सदस्य, आमा समुहको अध्यक्ष
सम्पर्कः ९८४२०९४०५४



### पारिवारिक चिनारी

नामः लक्ष्मण कुरुम्बाङ
बुबाः महादल कुरुम्बाङ
आमाः कालमाया कुरुम्बाङ
बाजेः मनाहाङ कुरुम्बाङ
श्रीमतीः हस्तरानी कुरुम्बाङ (आङदेम्बे)
छोरोः आश्रित कुरुम्बाङ
छोरीः सोना कुरुम्बाङ
ठेगानाः आङसराङ

जयकुमार कुरुम्बाङकी छोरीहरूः



नामः प्रमिला कुरुम्बाङ
जन्मः वि.सं. २०४१
ठेगानाः आङसाराङ ९, पान्थर
शैक्षिक योग्यताः आई. ए. (बी. एड. अध्ययनरत)



नामः पूणिमा कुरुम्बाङ
जन्म मितिः २०४३।०८।१५
ठेगानाः आङसाराङ ९, पान्थर
शैक्षिक योग्यताः आई.एड. (बी. एड. अध्ययनरत)

नामः छत्रबहादुर कुरुम्बाङ
जन्म मितिः २००८।०८।१३
पेशाः अवकास नाइक ७११ जी.आर.
ठेगानाः हाङगुम २, पान्थर
सम्पर्कः ०२५ ६९०२७३

नामः गोविन्द कुरुम्बाङ
जन्म मितिः २०४३
शिक्षाः १० कक्षा
सेवाः नालीफुङवा सदस्य गाउँ एकाइ
ठेगानाः हाङगुम २, जाँते, पान्थर



नामः नन्दकुमार कुरुम्बाङ
जन्म मितिः २०४०।०३।१६
शिक्षाः आइ.ए (बी. ए. अध्ययनरत)
संलग्नताः सचिव कि.चो.मु.अ.मा. गाउँ कार्य समिति आङसराङ, पान्थर (२०५८-२०६०)
सदस्यः कि.सा.सा.मु.पा. माङसेबुङ, इलाम (२०६०-२०६२)
सह सचिवः कि.सा.सा.मु.पा. माङसेबुङ, इलाम (२०६३-२०६४)
सदस्यः कि.चो.मु.पा. सेवा समिति केन्द्रीय सदस्य २०६५ देखि हाल सम्म

नामः पूर्णनन्द कुरुम्बाङ
ठेगानाः ताप्लेजुङ्ग गा.वि.स. वार्ड नं. ६
शिक्षाः बी. ए., काठमाण्डौं

नामः वलवीर कुरुम्बाङ
जन्म मितिः १९८२।०३।२९
पेशाः अवकाश ब्रिटिश सैनिक
पदः केप्टेन, सेवा अवधीः २८ वर्ष
सेवाः उप प्रधान पञ्च, २०३० देखि ३३ सम्म,
वडा अध्यक्ष ३३ देखि ३८ साल सम्म
भ्रमरणः हङकङ, मलेसिया, भारत



नामः सुरेन्द्र कुरुम्बाङ
जन्मः २०४३, शिक्षाः आई. कम.
ठेगानाः आङसराङ ९, पान्थर



नामः देवराज कुरुम्बाङ
ठेगानाः ताप्लेजुङ्ग गा.वि.स. वार्ड नं. ६
शिक्षाः बी. एल., हाल हङ्गकङ्ग



नामः तुलचन्द्र कुरुम्बाङ
ठेगानाः ताप्लेजुङ्ग गा.वि.स. वार्ड नं. ६
शिक्षाः बी. ए., हाल हङ्गकङ्ग



नामः डम्बर कुरुम्बाङ
ठेगानाः ताप्लेजुङ, साँघु ६
शिक्षाः बी. एड.,
हालः हङ्गकङ्ग



नामः भक्तिमाया सोदेम्बा (कुरुम्बाङ)
ठेगानाः धरान ७, श्रीजंगालाईन, शान्ती पथ
बुबाः कालीबहादुर कुरुम्बाङ
आमाः कालीमाया निङलेखु (कुरुम्बाङ)
जन्मः बि.सं. २०१५ बैशाख २६ गते विहिबार
जन्म स्थानः सिम्ले १ तेह्रथुम
विवाहः बि.सं. २०३० साल माघ २९
श्रीमानः जयप्रसाद सोदेम्बा, इस्बो ८ तेह्रथुम
छोराहरुः तुलसी सोदेम्बा र प्रकाश सोदेम्बा
छोरीः पविता सोदेम्बा



नामः सुकबहादुर कुरुम्बाङ
जन्मः वि.सं.१९९५।०७।०९
सेवाः पोखरी देवी मन्दिरको अध्यक्ष,
माङसेवा सावा सदस्य माङसेबुङ
ठेगानाः हाङगुम ४, पान्थर



नामः हिमालय कुरुम्बाङ
जन्म मितिः २०३६।०४।२५
ठेगानाः आङसाराङ ९ पान्थर
शैक्षिक योग्यताः एम. ए., बी. एड. नेपाली,
एम. ए. समाजशास्त्र अध्ययनरत ।
सेवा, संलग्नताः पृथ्वी उच्च मा.वि. यासोकमा
अध्यापन २०६०।०४।०१ देखि २०६०।१२।२९ ।
महेन्द्र रत्न वहुमुखी क्याम्पस इलाममा
प्रध्यापन २०६२।०५।०५ देखि २०६३।०३।३०।
वौधधाम उच्च मा.वि. मा अध्यापनरत २०६३।०४०।१ देखि हाल सम्म ।
कि.या.चु. जिल्ला शाखा पान्थर सदस्य

दोस्रोः बाँभ्रो, मिक्तोक्ला, इलाम



नामः राजकपुर कुरुम्बाङ
ठेगानाः ताप्लेजुङ्ग गा.वि.स. वार्ड नं. ६
शिक्षाः बी. इ. (इन्जीनियर) काठमाण्डौं

## व्यक्तित्व



कुरुम्बाङ (पाङमा) लिम्बूहरूको बसोबास ताप्लेजुङ जिल्लाको साँघु र सँखुवासभा जिल्लाको सिद्धिपोखरीको कोक्सामा पाइन्छ । उनीहरूको पुर्खा तेह्रथुम जिल्लाको सिम्ले गाविसको पोक्लाबाङबाट आएका हुन । यिनै कुरुम्बाङ (पाङमा)कै वंश मध्ये एक ताप्लेजुङ जिल्लाको साँघु (मवाखोला थुम) मा वि.सं. १९७८ पौष १४ गते स्व. बुबा ज्ञानबहादुर तथा आमा स्व. लाखमाया (याक्खा)को कोखबाट **स्व. दिलबहादुर कुरुम्बाङ**को जन्म भएको हो । उहाँ वि.सं.१९९४ सालमा ब्रिटिश सैनिक सेनामा भर्ना भई एम.टी. सार्जन्ट पदमा अवकाश हुनुभयो । उहाँ वि.सं.२०१७ सालदेखि २२ वर्ष सम्म साँघु गा.वि.स.को प्रधानपञ्च रहनुभयो । उहाँ आफ्नो कार्य कालमा स्व. राजा महेन्द्र र विरेन्द्रबाट विभिन्न सम्मानार्थ सेवा पदक तथा प्रशंसापत्रबाट विभुषित हुनुभयो । उहाँ वि.सं.२०५२ साल असोज २४ गते परलोक हुनु भयो । उहाँ हाल हामीसँग नहुनुभएपनि उहाँले समाज, जाति विकास र सिङ्गो मुलुकको लागि गर्नु भएको योगदानले तपाइँ हामी जो कोहिलाई पनि विकासको लागि मूलप्रवाहमा समाहित हुन कर लाग्छ । वास्तवमा उहाँ मुलुकको विकासको लागि प्रेरणको स्रोत बन्नु भएको छ

सम्पादक मण्डल



ताप्लेजुङ जिल्लाको साँघु गा.वि.स. वार्ड नं. ६ मा वि.सं. १९९५ मा **स्व. बृखबहादुर कुरुम्बाङ**को जन्म भएको हो । उहाँ वि.स.२०१८ सालमा ब्रिटिश आर्मिमा भर्ति लाग्न भयो । उहाँ आर.एस.एम. अनेरेरी लेफ्टिनेन्ट (क्यू.जी.ओ.) सम्मको पदमा रहि वि.स.२०४२ सालमा अवकाश हुनुभयो । उहाँ धरान-१८, रत्नचौकमा बसोबास गर्नु थाल्नुभयो । उहाँले विभिन्न प्रोजेक्ट मार्फत खानेपानी लगाएत झोलोङ्गे पुलका लागि ताप्लेजुङ जिल्लामा मात्र नभएर देशको विभिन्न ठाउँहरूमा कार्य गर्नु भयो । वहाँ कि.या.चु. हिम धरानको आजिवन सदस्य पनि हुनुहुन्थ्यो । उहाँ समस्त कुरुम्बाङ ( पाङमा) परिवार मात्र नभएर यो देशको प्रतेक विकास प्रेमी प्रेरणाका स्रोत हुनुहुन्थ्यो ।

सम्पादक मण्डल



**स्व. श्री खड्गबहादुर कुरुम्बाङ** वंशकै प्रथम राजनीतिज्ञ हुनुहुन्थ्यो । उहाँ वि.सं. २०१७ सालदेखि २०२३ सालसम्म तत्कालिन आरूबोटे गाउँ पञ्चायतको प्रधानपञ्च हुनुहुन्थ्यो । उहाँले आफ्नो कार्यकालमा गा.वि.स. भवन स्कूल, कुलो-सिँचाई, झोलुङ्गे पुल, खेलमैदान लगायत विभिन्न योजनाहरू सन्चालन गर्नु भएको थियो । उहाँको वि.सं. २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा पनि सहभागिता थियो । उहाँ २०१३ सालतिर लिम्बुवान सुधार संघका समेत कार्यरत हुनुहुन्थ्यो ।

सम्पादक मण्डल

## मन्तव्य



आदरणिय कुरुम्बाङ हिमाल, पहाड, तराई र बिदेशमा समेत छरिरहेका सम्पूर्ण परिवारमा वंशावली केन्द्रिय कमिटीको र मेरो व्यक्तिगत तर्फबाट एक मुष्ट सेवारो साथै न्यानो अभिवादन । सर्वप्रथम त मानव जातिमा आफ्नो पहिचन र स्रेस्तागत हुन आवश्यक छ भन्ने उदेश्यका साथ आफ्नो वंशावली खोज अनुसन्धान गर्नु हुनेलाई आर्थिक र नैतिक सहयोग गरेर यो हत सम्म पुऱ्याउनु हुने सम्पूर्ण अग्रजहरूमा हार्दिक धन्यवाद टक्राउदछु ।

यही क्रममा म पनि अग्रजहरूको प्रशिक्षण र वंशावली पान्थर आङसाराङबाट नै दर्ता गर्नु पर्छ भन्ने निर्णयअनुसार श्रेदय बडा बाबु देशराज कुरुम्बाङ र भतिज श्री भीमराज कुरुम्बाङहरूको उपस्थिती र श्री तुलाहर्क कुरुम्बाङको अध्यक्षतामा सात सदस्यीय दर्ता समिति गढन गरी दर्ता साचेबमा रही पान्थर फिदिममा दर्ता गरिएको जानकारी गराउदछु ।

विभिन्न ठाउँमा रहेको कुरुम्बाङहरूलाई निमन्त्रणा गरी उपस्थित भएपछि अधिवेशन गरियो । जसअनुरूप श्री तुलहर्क कुरुम्बाङको अध्यक्षतामा १५ सदस्यीय केन्दिय समिति गठन गरियो । अधिवेशन पान्थर आङसाराङ वसाङगुमा सम्पन्न भएको थियो । मलाई पदिय जिम्मेवार सचिव दिएको थियो । हाम्रो समितिले विभिन्न जिल्लामा लिल्ला समिति गठन गरियो । गाउँ एकाई समिति समेत गठन गरिएको थियो । जस्तैः आङसाराङ, हाङगुम र आरुबोटे गठन गरिएको थियो । तर, दुभाग्य बश देशको स्थिती अत्यन्तै संक्रमणकाल अवस्था आयो र १० वर्ष माओबादी युद्धले गर्दा हाम्रो समिति तहसनहस भयो कुनै काठमाण्डौ, कुनै लारुम्बा पुग्न बाध्य भयो । त्यसैले गर्दा हामिले सोचे जस्तो समितिहरू परिचालन गर्न बैठक बस्न नसकिएको जानकारी गराउदछु । यसमा म आफै पनि दुखित छु साथै केन्द्रिय समिति तपाईहरू समक्ष क्षमा प्रार्थि छौ ।

अन्त्यमा यो वंशावली सुन्दरता बनाउनको लागि सम्पूर्ण कुरुम्बाङ सहित्यकार, बौद्धिक बर्गहरूको खाचो महसुस गरेको छु । समितिमा समावेश भई अथवा बाहिरबाट पनि सही सुझाव, सल्लाह र सहयोग मिलेमा आउदो दिनको प्रकाशनमा नयाँ काँचुली फेरेर रङ्गी-चङ्गी उधारणिय वंशावली पुस्तक बन्ने छ भन्ने आत्मा विश्वास लिएको छु । सुधार र संरक्षण गर्नु नै अग्रजहरूको सपना साकार हुने छ । र हाम्रो वंशको उत्थान हुन्छ भन्ने अभिव्यक्त गर्दछु समाप्त धन्यवाद । कुरुम्बाङ वंशावली जय होस !

नामः लालसेर कुरुम्बाङ जन्मः बि.सं. २०२५।०३।०४
श्रीमती कृष्ण कुमारी कुरुम्बाङ (यङयाङ)
बाबुः चिनहाङ कुरुम्बाङ र
आमाः धनमती कुरुम्बाङ (आङदेम्बे)
ठेगानाः आङसाराङ ४, पान्थर, सम्पर्क नं. ९७५२६०६३८७

**संलग्नता**

बि.सं. २०४८ सालमा अ.ने.रा.स.वि.यू. पाँचथरको जि.क.स.
बिसं. २०५७ सालमा लालबहादुर नि.मा.वि.को संचालक समिति अध्यक्ष
बि.सं. २०५९।०२।१४ देखि पाँचथर रेडक्रस सोसाइटीको आजीवन सदस्य
बि.सं. २०६२ ग्लीज इङ्गलिस वोर्डिङ्ग स्कूलका संस्थापक शेयर वला
बि.सं. २०६३ साल देखि श्री जयनारायण उच्च मा.वि.को अभिभावक सदस्य
बि.सं. २०६४ साल देखि आङसराङ कृ.स.स. संस्थापक अध्यक्ष

**शुभकामना मन्त्यव्य**



वंशावली भन्ने शब्दलाई क्रमवद्ध र लिपिवद्ध गर्न अत्यन्त्यै कठिन कार्य हुन्छ यो कार्यलाई तयार गर्न देश-विदेशसम्म गएर आफ्नो अमुल्य समयलाई पर्वाहा नगरी कुरुम्बाङ वंशावलीको प्रथम संकलन र सम्पादन गरी प्रकाशन गर्नु भएकोमा बाजे श्री देशराज कुरुम्बाङ तथा कुरुम्बाङ वंशावलीका कार्यकारी सचिव भाइ श्री भीमराज कुरुम्बाङलाई उच्च सम्मानको साथ कदर गर्दै अन्तर हृदयबाट मुरी-मुरी धन्यवाद दिन चाहान्छु । साथै प्रथम संस्करणमा सहयोग गर्नु हुने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नछु । र, यो दोस्रो संस्करणमा संसोधन कार्यको लागि सहयोग पुऱ्याउनु हुने हर्कजङ कुरुम्बाङलाई पनि धन्यवाद दिन चाहान्छु । यो दोस्रो संस्करणमा प्रकाशन संकलन तथा सम्पादन गर्नु भई हामी कुरुम्बाङ वंशावली र इतिहास सम्बन्धमा जानकारी गराउन सहयोग पुस्तक “कुरुम्बाङ वंशावली र इतिहास” सम्पूर्ण सहयोगिहरूमा धन्यवाद दिदै पुस्तकको सफल्ताको शुभकामना सहित सेवारो ।

भु.पू. सुविदार
श्री धनसिङ कुरुम्बाङ
ठेगानाः अनारमुनी, विर्तामोड, झापा

## मेरो भनाई



पदमबहादुर कुरुम्बाङ एवं वहाँकी श्रीमती

मेरो बुबा स्व. बृखध्वोज कुरुम्बाङ आमा स्व. धनसारी कुरुम्बाङ हुन् । मेरो जन्म १९९२ सालमा सिम्ले १, तेह्रथुममा भएको हो । म बि.सं. २०१२ सालमा ब्रिटिश आर्मीमा भर्ती हुन भनी भागेर दार्जिलिङ्गतर्फ जाँदैगर्दा मलाई पाँचथर रवी बस्ने राई गल्लावालले मलाई सुके सिमानामा ब्रिटिश फौजमा भर्ती गराई दियो । मेरा साथीहरू पनि दश-बाह्र जना मतुवाली नै थिए । साथीहरूसंग दार्जिलिङ्गदेखि कलकत्तासम्म रेलमा गयौं । कलकत्ताबाट ठूलो पानीजहाजमा १५ दिन-१५ रातसम्म पानीजहाजमै थियौं । मलेसियाको, सिंगापटानिया भन्ने ठाउँमा पुगेपछि त्यहाँ नौ महिना तालिम गरियो । त्यसपछि मलायाको जंगलमा लडाइँका लागि लगियो । मेरो पल्टन चाहिँ हङकङमा गयो र बोर्डर ड्युटी गरियो । अनि फेरि इण्डोनेसिया र मलेसियाको लडाइँमा तीन वर्षसम्म लडाइँ गरियो । त्यति गर्दागर्दै मेरो नोकरी पनि १८ वर्ष पुगिसकेको थियो । १८ वर्ष सम्ममा मेरो दर्जा कलर सार्जन भएको थियो । त्यसपश्चात् पेन्सन आएर गाउँघरमा खेतीपाती गरी बस्न थालें । बि.सं. २०३६ सालमा ब्रिटिश सरकारको मातहातमा धरानको घोपा क्याम्पमा २ वर्ष ए.एच.डब्लु. तालिम खुलेको थियो । त्यो तालिममा मैले पनि भाग लिए र पास भएँ । त्यसरी २ वर्ष तालिममा पनि सफल भएपछि नेपालको स्वास्थ्य मंत्रालयले मलाई स्वास्थ्य चौकीमा काम गर्नु भनी स्वास्थ्य विभागबाट नियुक्ती पत्र पठायो । मैले स्वास्थ्य मन्त्रालयअन्तर्गत नेपाल सरकारको कर्मचारी भएर ११ वर्षसम्म अनवरत नोकरी गरें । त्यसपछि उपदानमा निस्किएर तेह्रथुम जिल्लाको औंसीडाँडाँ जनज्योती उ.मा.वि. मा अध्यक्षको काम सम्ल्हली समाजसेवा गरिरहेको छु । मेरो बसोबास धरान १५, बाँझगरा सुनसरीमा पनि छ ।

ठेगानाः सिम्ले १, तेह्रथुम/धरान १५, बाँझगरा

# लिम्बुवानको नक्सा




कुरुम्बाङ बस्ती ✦

# तेह्रथुम जिल्लाको नक्सा



## पाँचथर जिल्लाको नक्सा



कुरुम्बाङ बस्ती

## प्रथम संस्करणमा आर्थिक संकलन स्रोत

| | | |
|---|---|---|
| १. | श्री भक्तबहादुर कुरुम्बाङ सुङनाम गा.वि.स. वार्ड नं. ७ लसुने | रु. १०००/- |
| २. | श्री तुलहर्ककुरुम्बाङ आँ.पिं. वार्ड नं. ९ छोरुङ्गा | रु. १५७५/- |
| ३. | श्री सेरबहादुर कुरुम्बाङ मोरङ जिल्ला बि. नं. १७/१० | रु. १६००/- |
| ४. | श्री भक्तीप्रसाद कुरुम्बाङ आँ.पिं. वार्ड नं. ९ वसाँगु | रु. १७५/- |
| ५. | श्री धर्मधोज कुरुम्बाङ सिम्ले गा.वि.स. वार्ड नं. ६ | रु. २०००/- |
| ६. | श्री भीमराज कुरुम्बाङ भाउने गा.वि.स. वार्ड नं. ९ मोरङ्ग | रु. १०००/- |
| ७. | श्री नारायण दल कुरुम्बाङ सिम्ले गा.वि.स. वार्ड नं. १ | रु. २०००/- |
| ८. | श्री कुन्दसिङ कुरुम्बाङ दमक नगर पालिका वार्ड नं. १२ | रु. २५०/- |
| ९. | श्री सन्तबहादु कुरुम्बाङ दमक नगर पालिका वार्ड नं. १२ | रु. २५०/- |
| १०. | श्री दलमान र लाल बहादुर कुरुम्बाङ आरुबोटे १ | रु. १५००/- |

## कुरुम्बाङ बंशावली र इतिहास दोस्रो प्रकाशनका लागि आर्थिक सहयोग गर्नुहुने कुरुम्बाङ लिम्बूहरूको नामावली

| | |
|---|---|
| १. नरबहादु कुरुम्बाङ "ख" | £1200 |
| २. नरबहादुर कुरुम्बाङ "क" | £400 |
| ३. बमबहादुर कुरुम्बाङ | £400 |
| ४. हर्कबहादुर कुरुम्बाङ | £365 |
| ५. सुरेन्द्रकुमार कुरुम्बाङ | £320 |
| ६. कृष्णकुमार कुरुम्बाङ | £315 |
| ७. रूपमान कुरुम्बाङ | £315 |
| ८. अमर कुरुम्बाङ | £315 |
| ९. पेपराज कुरुम्बाङ | £315 |
| १०. उत्तरकुमार कुरुम्बाङ | £315 |
| ११. मुकुमहाङ कुरुम्बाङ | £315 |
| १२. लक्ष्मीप्रसाद कुरुम्बाङ | £200 |
| १३. सन्तोष कुरुम्बाङ | £200 |
| १४. तेजबहादुर (तेजेन्द्र) कुरुम्बाङ | रु.४०,००० |
| १५. तेजकुमार कुरुम्बाङ | रु.२५,००० |

## ᤂᤡ᤺ᤐᤠ ᤛᤥᤁᤣᤜᤛᤠᤂᤡ
## ᤀᤡᤜᤠᤋᤢᤥ

ᤐᤠᤐᤡᤧᤴ ᤃᤢᤳᤚᤠᤸ
ᤀᤠᤐᤧᤴ ᤜᤠᤳᤧᤜᤡᤂᤧ,
ᤃᤡᤂᤠᤐᤠᤗ ᤂᤡᤜᤡᤋᤢᤳᤜᤠ
ᤁᤜᤠᤋ ᤛᤠ,ᤜᤠ ᤁᤜᤠᤛ ᤜᤠ᤺ ᤛᤠ,ᤜᤠ
ᤜᤠᤳᤧᤜ ᤐᤡ ᤂᤧᤴ ᤋᤢᤥᤐᤡᤳ
ᤐᤡ ᤜᤡᤂᤧ,ᤜᤠ ᤛᤳᤜᤡ,ᤗᤳ
ᤔᤠᤋᤡ-ᤀᤡᤋᤡ ᤜᤠᤛᤡ
ᤂᤧᤐᤡ ᤜᤠᤐᤡᤋ
ᤐᤡᤐᤡᤧ ᤂᤡᤜᤡᤋᤢᤳᤜᤠ
ᤂᤧᤛᤧ ᤂᤡᤋᤧᤂᤡ ᤐᤡᤀᤠᤐ
ᤜᤠᤜᤠ ᤂᤧᤗᤜᤠᤐᤠ,
ᤜᤠᤂᤡ, ᤀᤳᤜᤢᤜ-ᤀᤳᤜᤢᤜᤜᤠ
ᤛᤡᤋᤢᤳᤜᤧᤛᤧᤂ ᤁᤐᤡᤀᤠᤋ
ᤜᤠᤐᤡᤋ ᤂᤡᤐᤡᤂᤧᤴᤗᤛᤡ ॥

**ᤂᤠᤀᤠᤐᤜᤠ**
**ᤁᤡᤜᤡ ᤒᤢᤜᤡ ᤁᤜᤠᤳᤐᤡᤀᤠ**
**ᤀᤡᤃᤡ**

पश्चिम सिक्कीमको जिल्ला गेजिङ्ग, मार्ताम गाउँमा श्रीजंगा त्येअङसी माङहिम भित्र भित्तामा लेखिएको कविता ।

*नक्कल उतार: हर्कजङ कुरुम्बाङ*

## किरातहरूको विभाजन

सुन सुन सज्जन हो म केही भन्छु ।
किराती विभाजनको सवाइ कहन्छु ॥
यलम्बरको पालामा किरात इङबा थिए ।
उन्का पुत्र दश भाइ संयोगले भए ॥
पहिलो पुत्र योक्तुङबाको सन्तानका नाम ।
याक्थुङबा नै शाखा भई गर्न लागे काम ॥
याक्थुङबा नै छुट्टिएर दुई शाखा भए ।
लिम्बू राई नामाकरण यसैबाट रहे ॥
दोस्रो पुत्र आप्लिबाको आठपहरिया शाखा ।
पूर्व तिर फैलिएर लागे लाखा पाखा ॥
तेस्रो पुत्र याक्खोवाको सन्तान हो याक्खा ।
चौंथो पुत्र लुंफेक्वाको लहरुङ भए शाखा ॥
पाँचौं पुत्र याङफेक्वा हो नाम कहलाको ।
पूर्वजको नामबाट याम्फु शाखा भको ॥
छैटौं पुत्र सुहा चेप्पा सुनी लानु शाखा ।
सुनुवार हायु चेपाङ तीननै शाखा भका ॥
सातौं पुत्र कुरुप्पाको गुरुङ शाखा भए ।
आठौं पुत्र मगाप्पाको मगर शाखा भए ॥
नवौं पुत्र थोक्लोक्पाको सन्तानका कुरा ।
सुन अब कहन्छु म थोकल् थाकल् पुरा ॥
दशौं पुत्र थाङदाङबाको सन्तानको पनि ।
थारु, दनुवार तराई बासी भई बसे अनि ॥
यीनै दश भाइबाट धेरै शाख हरु ।
छुट्टि-फुट्टि शाखा बढे कति-कति अरु ॥
लिम्बू, राई, थारु, दनुवार, गुरुङ, मगर थामी ।
तामाङ, शेर्पा, लोवा, लाप्चा किराती नै हामी ॥
झाँगर, नेवार, राउटे र कुमाल धिमाल आदि ।
ताजपुरिया, कुसुण्डो र जिरेल सबै जाति ॥

हामी सबै वर्ग जाति शाखा किरातीको ।
एकै स्वरमा गाउँ गीत नौलो पिरतीको ॥
खोजौं हाम्रो इतिहास पन्ना-पन्ना खोली ।
ज्ञान रुपी भण्डारले भरौं हाम्रो झोली ॥
किरात खुल्ने किताबको मीठो कहानीलाई ।
चिन्तन र मनन् गरी विवेकमा मिलाई ॥
अनि आँखा उघ्रने छ कालो पर्दा बाट ।
थाहा होला अशिक्षाले पारेको हो घाटा ॥
किरातीको एउटै घर एउटै पुर्खा हाम्रो ।
मिलि जुली अधिकार खोजी गरौं राम्रो ॥
हेरौं अब किरातीको कर्म भूमि जति ।
हामी माथि शोषण दमन भएको छ अति ॥
हिजो थियौं राजा हामी आज सुकुम्बासी ।
लिपि धर्म भाषा हाम्रो सबै कुरा मासी ॥
किन हामी यस्तो भयौं कस्को पर्‍यो जाल ।
पत्तो लाउन अघि बढौं मिलाएर ताल ॥
विचारको मन्थनले नौनी सँगालेर ।
खोजी गरौं हाम्रो हक दीप जलाएर ॥
विद्या ज्ञान एकताको गाँठो हाम्रो सूत्र ।
पाखुरीको मालिक हामी यहीं भूमि पुत्र ॥
मेची महाकाली सम्म किरातीका सन्तान ।
मुक्ति पाउन जुटौं हामी नर नारी सव्जन ॥

स्रोतः
नरबहादुर यङहाङ (लिम्बू) ऐतिहासिक
सवाइ